# शिर र सहयोगी

बाइबलीय विवाहको एक स्पष्ट बोध



# शिर र सहयोगी

बाइबलीय विवाहको एक स्पष्ट बोध

पावल हेइलीगेनवर्ग

जीएफए पब्लिकेसन्स

Head & Helper
An Understanding of Biblical Marriage
Written by Paul Th. Heiligenberg

Copyright © 2001, Paul Th. Heiligenberg
Firs Nepali Edition 2003

All rights reserved.
Biblical quotation taken from
GFA Bible Society Nepali Bible 2003 edition

Nepali translation & publication by
GFA Publications
GPO Box 4272, Kathmandu, NEPAL
gfanepal@wlink.com.np

Price Nepali Rs. 30

# विषयसूची

प्राक्कथन

कृतज्ञता

परिचय

१. परमेश्वरको स्वरूप

२.विवाहको उद्देश्य

३. बाइबलीय विवाहको चित्रण

४. शिर

५. आत्मिकी नेतृत्व

६. भावनात्मक नेतृत्व

७. भौतिक नेतृत्व

८. सहयोगी

९. आत्मिक सहयोगी

१०. भावनात्मक सहयोगी

११. भौतिक सहयोगी

१२. एकतामा वृद्धि

# प्राक्कथन

यो पुस्तकले तपाईंलाई विवाहको बारेमा परमेश्वरको योजना र उद्देश्य बुझ्नलाई मदत पुऱ्याउनेछ। विगत दश वर्षदेखि म र मेरी श्रीमती मार्जोलिन दुवैले नेपाललगायत उत्तरपूर्वी भारतमा सेवकाइ गरिरहेका छौं। संसारको यो भागमा रहँदा र यात्रा गर्दा, हामीले ख्रीष्टको शरीर(मण्डली) को व्यापक वृद्धि भएको देखेका छौं। विशेषगरी यो कार्य नेपाली,मिजो,नागा र खासी जातिको बीचमा भएको छ। तर हामीले पनि थाहा गऱ्यौं कि बाइबलीय विवाहको बारेमा ठोस शिक्षा नभएकोले विवाह, परिवार र यौनजस्ता क्षेत्रमा धेरै समस्याहरू र भूलहरू अभ्यस्त छन्। यो खाँचोलाई पूरा गर्नलाई परमेश्वरले हामीलाई बाइबलीय विवाह,ख्रीष्टियन परिवार तथा यौनजस्ता विषयहरूमा ठोस शिक्षा दिने सेवकाइद्वारा ख्रीष्टको शरीर निर्माण तथा सहयोग गर्नलाई चलाउनुभयो। हामी परमेश्वरलाई धन्यवाद दिन्छौं, कि यस्तो जल्दोबल्दो खाँचोलाई पूरा गर्न हामी लगायत अरुहरूलाई पनि उहाँले प्रयोग गर्दै हुनुहुन्छ।

संसारमा धेरै मानिसहरूले आफ्नो वैवाहिक सम्बन्धको कारण दु:ख पाइरहेका छन्, निक्कै बेखुशी छन्। यो सानो पुस्तकको आकाङ्क्षा प्रत्येकको वैवाहिक समस्याको समाधान गर्नु होइन, न त हामीले पश्चिमी वैवाहिक नमूना नै प्रस्तुत गर्न चाहन्छौं। यो पुस्तकको मुख्य उद्देश्य परमेश्वरको वचनको आधारमा वैवाहिक सम्बन्धको वास्तविक अर्थ र उद्देश्य खोज्नु हो। विशेषगरी मानिस जो  हिन्दू, बौद्ध, मुसलमान र

प्रकृति पूजक पृष्ठभूमिबाट आएकाहरूले ख्रीष्टियन विवाहको बारेमा परमेश्वरको ठोस शिक्षा पाउन सकून्। हामीले तपाईंलाई परमेश्वरको वास्तविक योजना र सिद्धान्तहरू पत्ता लगाउन मदत गर्नेछौं। प्रत्येकले आफ्नै संस्कृतिमा यी सिद्धान्तहरूलाई प्रयोगमा ल्याउन सक्छन्।

जब तपाईंले विवाहसम्बन्धी यो सानो पुस्तक पढ्नुहुन्छ,परमेश्वरले तपाईंलाई असीम आशिष् दिऊन् र तपाईंको अध्ययनमा पवित्र आत्माले विवाहसम्बन्धी उहाँको योजना प्रकट गरून्।

*ख्रीष्टमा*

पावल हेइलीगेनवर्ग



# समर्पण

यो पुस्तक तिनीहरू सबैको निम्ति हो, जसले आफ्नो जीवन बाइबलको शिक्षा र सिद्धान्तको आधारमा जिई परमेश्वरलाई आदर गर्न चाहन्छन्, विशेष गरी एसियामा भएका ख्रीष्टियन दम्पतीहरूको निम्ति हो, ताकि मण्डली (दुलही) र ख्रीष्टको शरीर यस अन्धकारपूर्ण संसारमा चम्किलो ताराझैं चम्कोस्।

# कृतज्ञता

यो पुस्तकको मुख्य विचार तथा रूपरेखा म र मेरी श्रीमतीले वर्षौं लगाएर सिकाएका शिक्षाहरूबाट लिइएको भए तापनि केही विचार र उदाहरणहरू अन्य मानिसहरूको शिक्षा र लेखबाट पनि लिएका छौं। अध्याय ८ को 'सहभागीको आशिष्' खण्ड महावालीपुरमको कर्नर स्टोन हाउसका रोड र रूथीको सेमिनारमा हामीले सुनेका कुरा हुन्। हामी हाम्रो जीवन सेवकाइ र विवाहमा तिनीहरूले पारेको प्रभावप्रति अति नै आभारी छौं।

मेरा धेरै साथीहरूले सच्याइ तथा शुद्धीकरणमा मूल्यवान् सुझावहरू दिई मदत पुऱ्याएका छन्। म उनीहरूको यो सुधारात्मक सहायताको निम्ति आभारी छु।

विशेषगरी म सिमसोन, कोरी, जान, सजान, रेभ. चो, डाइना, सिन्डी, लाउरिएन, पिटर र ग्रामेलाई धन्यवाद दिन्छु। परमेश्वरले तपाईंहरू सबैलाई आशिष् दिऊन्।

म मेरो सहयोगी, सहकर्मी र जीवनको असल मित्र मेरी श्रीमती मार्जोलिनलाई उनको निरन्तर उत्साह र समयको निम्ति विशेष धन्यवाद दिन्छु। उनको सहायताबिना यो असम्भव थियो।

**पावल**

# परिचय

*''यसकारण भाइहरू हो, परमेश्वरका कृपाद्वारा म तिमीहरूलाई आग्रह गर्दछु कि तिमीहरूले आ–आफ्ना शरीरलाई परमेश्वरमा जिउँदो, पवित्र र ग्रहणीय बलिदानको रूपमा अर्पण गर, जुन तिमीहरूको यथोचित आराधना हो। यस संसारसित एकै चालका नहोओ तर तिम्रो मनको नवीकरणद्वारा परिवर्तित होओ अनि परमेश्वरका असल, ग्रहणीय र सिद्ध इच्छा के रहेछ भनेर तिमीहरू प्रमाणित गर्न सक्नेछौ।'' (रोमी १२:१–२)*

परमेश्वरको असल, ग्रहणीय र सिद्ध इच्छा! यही आशा र इच्छाका साथ प्रत्येक वैवाहिक सम्बन्धको सुरुआत हुन्छ। यो नै मेरो जीवन र मेरो वैवाहिक जीवनमा भएको म चाहन्छु । यो असल मात्र नभएर ग्रहणीय र पूर्ण (सिद्ध) छ।

तर दुर्भाग्यवश धेरै मानिसहरू आफ्नो वैवाहिक सम्बन्धका कारण निराश र दु:खी छन्, किनभने यो सिद्धताबाट टाढा छ। यदि हामीले परमेश्वरको असल, ग्रहणीय र सिद्ध इच्छा हाम्रो जीवनमा पूरा भएको चाहन्छौं भने हामीले रोमी १२:१ र २ मा पावलले लेखेको सिद्धान्तलाई पछ्याउनुपर्छ।

प्रेरित पावलले हामीलाई हाम्रो शरीरलाई जिउँदो बलिदानको रूपमा अर्पण गर्न आग्रह गर्दछन्। उनले 'हाम्रो शरीरको बलिदान चढाउनुपर्छ' भनेका छैनन्, तर हामी जिउँदो बलिदान भएझैँ गरी जिउनलाई आग्रह

गर्दछन्। यो अभ्यास गर्न निक्कै गाह्रो कुरा हो। उनले हामीलाई हाम्रा शरीरका इच्छा मरेको जीवन जिउन आग्रह गर्छन्। हाम्रो शरीरको इच्छाका कुरा गर्दा हामी स्वभावैले स्वार्थी प्राणी हौं। हामीले प्राय: आफ्नो स्वार्थपूर्तिका निम्ति अरु मानिसलाई प्रयोग गर्ने तथा यस प्रयोगमा आफ्नो स्वार्थ पूरा गर्ने आशा गर्छौं। यो स्वार्थ बलिदानको विरुद्धमा तथा अरुको भलो गर्ने कुराको विरुद्धमा हुन्छ। यदि मानिसले 'हामीले तिनीहरूको वास्ता गर्दछौ वा तिनीहरूका आवश्यकता पूरा गर्ने कुरामा ध्यान दिन्छौं' भन्ने थाहा पाए भने मात्र तिनीहरूको बीचमा राम्रो सम्बन्धको विस्तार गर्न सक्छौं र तिनीहरू पनि हाम्रा आवश्यकता पूरा गर्नेतर्फ लाग्नेछन्। यदि हामीले हाम्रो मनलाई नयाँ बनायौं भने हाम्रो जीवन परिवर्तन गर्न सक्छौं भनी पावलले बताउँछन्। यसको मतलब हाम्रो सोचाइको परिवर्तनद्वारा हाम्रो जीवनशैलीमा परिवर्तन ल्याउन सक्छौं भन्ने हो। यदि विवाहमा पनि यस्तो अनुभव भएको चाहन्छौं भने हामीले विवाहका पूर्वाग्रह तथा सोचाइमा परिर्वतन गर्नुपर्छ। यही कुरा सिकाउनु नै यो सानो पुस्तकको उद्देश्य हो। म तपाईंहरूलाई विवाह परमेश्वरको सिद्ध इच्छा र योजनाको बारेमा सोच्नुहोस् भनी चुनौती दिन चाहन्छु। यदि तपाईं आफ्नो वैवाहिक जीवन परमेश्वरको इच्छाअनुसार जिउनुहुन्छ भने यो असल, ग्रहणीय र सिद्ध भएको पत्तो लगाउनुहुनेछ। रोमाञ्चकारी, अर्थपूर्ण, वास्तविक र पूर्ण विवाहको निम्ति हाम्रो विचारमा द्वन्द्व भएको हुन्छ।

म विश्वस्त छु कि, यस पुस्तकले तपाईंको वैवाहिक जीवन परमेश्वरको योजना र उद्देश्यको पूर्णतासम्म पुग्नलाई मदत पुऱ्याउनेछ।

# १

# परमेश्वरको स्वरूप

**''यसैकारण परमेश्वरले मानिसलाई**
**आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो।**
**नर र नारी नै गरी उहाँले**
**तिनीहरूलाई सृष्टि गर्नुभयो।''** (उत्पत्ति १:२७)

बाइबल, पृथ्वी र मानवजातिको सृष्टिको विस्तृत व्याख्याबाट शुरु हुन्छ। यसले अनन्त, अदृश्य तर आफैं बहुवचनमा बोल्नुहुने परमेश्वरको रूपमा परिचय दिन्छ (उत्पत्ति१:२६ *'मानिसलाई हाम्रै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं'*)। यसको अर्थ परमेश्वर एउटै नभएर एकभन्दा बढी हुनुहुन्छ भन्ने होइन। बाइबलले परमेश्वर एउटै हुनुहुन्छ भन्ने विषयमा स्पष्टसँग सिकाउँदछ। *'हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर*

*एउटै परमप्रभु हुनुहुन्छ'* (व्यवस्था ६:४)। यी कुराबाट यो थाहा पाउँछौं कि, परमेश्वर बहु–व्यक्तित्व भएको हुनुहुन्छ। यदि हामी बाइबलका अन्य पुस्तकहरू अध्ययन गर्दै जान्छौं भने परमेश्वरको त्रिएकत्वको बारेमा थाहा पाउन सक्छौं; परमेश्वर पिता, परमेश्वर पुत्र र पवित्र आत्मा परमेश्वर। यी तीन भिन्नै व्यक्तित्व भएका परमेश्वर हुनुहुन्छ भन्ने होइन, तर तीन भिन्न व्यक्तित्व एउटै परमेश्वरमा छ भन्ने हुन्छ।

यदि हामीले विवाहको बारेमा बुझ्न चाहन्छौं भने परमेश्वरलाई बुझ्नुपर्छ।

परमेश्वरको भिन्नै व्यक्तित्व छ र पनि उहाँ एउटै हुनुहुन्छ। हामीले उत्पत्ति १:२७ पदमा परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभएको छ भन्ने बारेमा पढ्न पाउँछौं।

धेरै संस्कृतिमा मानिसहरूलाई, 'परमेश्वर कस्तो हुनुहुन्छ ? के उहाँ पुरुष वा स्त्रीजस्तो हुनुहुन्छ ?' भनी हामीले सोध्यौं भने तिनीहरूले पुरुषलाई तोकेर देखाउँछन्। हामीलाई यस्तो छाप परेको छ कि परमेश्वर पुरुषवाचक हुनुहुन्छः जस्तो श्रीमान् वा पिता। धेरै संस्कृतिमा पुरुषलाई झन्डै भगवानकै रूपमा पूजा गरिन्छ अनि स्त्रीलाई नीच प्रकारले हेरिन्छ र यहाँसम्म कि दुष्ट ठानिन्छ।

यदि हामीले उत्पत्ति १:२७ लाई राम्ररी हेर्‍यौं भने यसले परमेश्वरले पुरुषलाई मात्र आफ्नै स्वरूपमा बनाउनुभयो भन्ने बताउँदैन। यसले पुरुष र स्त्री दुवैलाई समेट्दछ। उपरोक्त वचनमा लेखिएको छ, *''परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो।''*

हामीले हाम्रा बाह्य मानवीय आँखाले परमेश्वरलाई देख्न सक्दैनौं, तर परमेश्वरले केही सृष्टि गर्नुभयो जो परमेश्वरको स्वरूपमा छ। परमेश्वर जस्तो अरु के छ ?




हाम्रो वरिपरि भएको प्रकृति–यसले परमेश्वरको अस्तित्व र उहाँको सृजनशीलताको प्रमाण देखाउँछ।

येशू, परमेश्वर हुनुहुन्छ तर अहिले येशूलाई देख्न सक्दैनौं।

मानवजाति ? पुरुष वा स्त्री कुनचाहिँ ?

यदि हामीले परमेश्वर कस्तो हुनुहुन्छ भनेर जान्न चाहन्छौं भने उहाँको स्वरूपलाई हेर्नुपर्छ। उहाँको स्वरूप स्त्री र पुरुष दुवै हो। जब हामीले श्रीमान्–श्रीमती दुवैलाई सँगसँगै हेर्‍यौं भने परमेश्वरको स्वरूपलाई हेरिरहेका हुन्छौं। पुरुषलाई हेरेर मात्र हामीले परमेश्वर को हुनुहुन्छ भन्ने कुरा पूर्णरूपले बुझ्न सक्दैनौं। यदि हामीले परमेश्वरलाई बुझ्न चाहन्छौं भने, हामीले यो बुझ्नुपर्छ कि परमेश्वर पुरुष र स्त्री दुवैमा एउटै हुनुहुन्छ। यो शारीरिक अवस्थामा हुनुहुन्छ भन्ने त होइन, किनकि परमेश्वरले भात, मासु र सागपात खानुहुन्न– तर उहाँ आत्मा हुनुहुन्छ। तर उहाँको स्वरूप चरित्रमा पुरुष र स्त्री दुवैमा छ। त्यसैले एउटी स्त्रीमा पुरुषमा जत्तिकै परमेश्वरको स्वरूप हुन्छ। बाइबलले कहिल्यै पनि स्त्री परमेश्वरको स्वरूपभन्दा नीच छिन् भनेर सिकाउँदैन। यस्तो हुनै सक्दैन! तिनीहरू दुवै परमेश्वरको स्वरूपका भागहरू हुन्। यदि हामीले परमेश्वरलाई बुझ्न चाहन्छौं भने पुरुष र स्त्री, श्रीमान् वा श्रीमती दुवैको चरित्र र स्वभावलाई बुझ्नु आवश्यक हुन्छ। पिता, पुत्र र पवित्र आत्मालाई सङ्केत गरी त्रिकोण खिँच्न सकिन्छ।

तलको चित्र अवलोकन गर्नुहोस्।




परमेश्वर (त्रिकोण) स्वर्गमा हुनुहुन्छ, (बीचमा खिचिएको रेखामाथि)। हामीले अहिले उहाँलाई देख्न सक्दैनौं। तर उहाँले आफ्नै स्वरूपमा केही सृष्टि गर्नुभयो(खिचिएको रेखामुनि)। उहाँले पुरुष र स्त्री दुवैलाई सृष्टि गर्नुभयो।

त्यसैकारण हामी भन्न सक्छौं कि श्रीमान् + श्रीमती= परमेश्वरको स्वरूप। यदि हामीले परमेश्वरको बारेमा बुझ्न चाहन्छौं भने उहाँको स्वरूपको दुवै भागलाई बुझ्नुपर्छ। हामीले स्त्री र पुरुषका चरित्रहरू बुझ्नुपर्छ।

के बाइबलमा परमेश्वरको स्त्रीत्वको बारेमा सिकाएको छ? परमेश्वरले यशैया ६६:१२-१३ मा यसो भन्नुहुन्छ, *''आमाले आफ्ना बालकलाई सान्त्वना दिएझैँ म तिमीहरूलाई सान्त्वना दिनेछु,..... ।''*

यहाँ हामीले परमेश्वरले आफैंलाई आमाको रूपमा तुलना गरेको पाउँछौं। यहाँ उहाँको स्त्री पक्षको प्रकटीकरण भएको छ।

*''ए यरूशलेम, ए यरूशलेम, अगमवक्ताहरूलाई मार्ने र परमेश्वरबाट पठाइएका मानिसहरूलाई ढुङ्गाले हान्ने शहर! मैले तँलाई कुखुरीले चल्लाहरूलाई आफ्ना पखेटाले छोपेझैँ, तेरो रक्षा गर्न खोजेँ तर तैँले मानिनस्''* (मत्ती २३:३७)।



यहाँ पनि परमेश्वरले आफैलाई आमा (कुखुरी)सँग तुलना गर्नुभएको छ र उहाँले कुखुरीले झैँ खतराका समयहरूमा बचाउनुहुन्छ भन्ने आशय पाइन्छ।

परमेश्वरसँग अन्य धेरै चरित्रहरू छन् जसमा पुरुष चरित्रभन्दा स्त्री चरित्रको बढी चित्रण भएको पाइन्छ जस्तै- दयावन्त, कृपालु, भावुक र सेवाको स्वभाव आदि।

बाइबलले मत्ती ६:९ पदमा 'हाम्रा पिता' भनी प्रार्थना गर्न सिकाउँछ हामीले परमेश्वरलाई आमा भनी सम्बोधन त गर्दैनौं तापनि उहाँमा दुवैको स्वभाव छ भन्ने कुरा महसुस गर्नुपर्छ।

***जग १.***

जब हामीले विवाहको बारेमा सोच्छौं, यो नै पहिलो विचार हो।

**श्रीमान्-श्रीमती दुवै समान प्राणी हुन्।**

तिनीहरू दुवै परमेश्वरको चरित्र र स्वभावका प्रदर्शन हुन्। हामीले एउटालाई उच्च र अर्कालाई नीच सोच्नु वा व्यवहार गर्नुहुँदैन।

**सोच्न तथा छलफल गर्नका निम्ति केही प्रश्नहरू-**

- तपाईंको दृष्टिकोणमा पुरुष र स्त्री कसलाई बढ्ता मूल्यको ठान्नुहुन्छ?
- कुन विश्वासमा तपाईंका विचार आधारित छन्?
- पुरुषजत्तिकै स्त्रीको पनि मूल्य हुन्छ भन्ने कुरामा के तपाईं विश्वास गर्नुहुन्छ?

# २

# विवाहको उद्देश्य

**''यसैकारण मानिसले आफ्ना आमा-बुबालाई छोड्छ**
**र आफ्नी स्वास्नीसँगै मिलिरहन्छ,**
**र तिनीहरू एउटै शरीर हुन्छन्।''** (उत्पत्ति २:२४)

एक अध्यायमा मानिसको सृष्टिको वर्णन गरिएको छ भने, उत्पत्ति दुई अध्यायमा यसको व्याख्या गरिएको पाउँछौं। एक अध्यायमा परमेश्वरले पुरुष र स्त्री सृष्टि गर्नुभयो भन्ने पढ्न पाउँछौं भने दुई अध्यायमा परमेश्वरले सर्वप्रथम् आदमलाई बनाएको वर्णन पाउँछौं। आदम परमेश्वरको स्वरूपमा सृजिएका थिए।

तब हामीले उत्पत्ति २:१८ मा यसरी पढ्न सक्छौं, *''मानिस एकलो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउँने एक सहयोगी बनाउनेछु।''*

परमेश्वरले आदमलाई आफ्नै स्वरूपमा बनाउनुभयो, यसको मतलब आदमसँग स्त्री र पुरुष दुवैका चरित्र थिए। ऊ एउटा पूर्ण व्यक्ति थियो। तर, परमेश्वर, जो आफै बहु–व्यक्तित्व हुनुहुन्छ, उहाँले 'आदम एकलो रहनु असल छैन' भन्ने देख्नुभयो। उहाँले आदमलाई सहयोगीको खाँचो देख्नुभयो। यो पुस्तकको चार अध्यायमा सहयोगीको अर्थ तथा अन्य विस्तृत अध्ययन गर्नुहुनेछ। तर आदमलाई आफू समान कोही व्यक्तिको खाँचो थियो। जससँग उसले सङ्गति गर्न सक्थ्यो। त्यसैले उत्पत्ति२:२१ पदमा परमेश्वरले आदमलाई निद्रामा पार्नुभयो र उसको एउटा करङ्ग झिकेर स्त्री बनाउनुभयो। परमेश्वरले आदमको शारीरिक भाग (अङ्ग) मात्र झिक्नुभएन तर उहाँले आदममा रहेको स्त्रीपक्ष पनि झिक्नुभयो। तिनीहरू दुवै (पुरुष र स्त्री) परमेश्वरको पूर्ण स्वरूप थिए। हुन त प्रत्येक मानिसमा स्त्री स्वभाव र प्रत्येक स्त्रीमा पुरुषको स्वभाव रहेको छ, तर एउटा मात्र स्वभाव प्रत्येक व्यक्तिको प्रबल रहेको हुन्छ।

किन परमेश्वरले यस्तो गर्नुभयो त? यसो गर्नुको पछि के कारण छ? किन उहाँले दुइ जना आदमको सृष्टि गर्नुभएन? यसको जवाफ उत्पत्ति २:२४ पदमा पाउन सक्छौं, ''*... स्वास्नीसँग मिलिरहन्छ,... एउटै शरीर हुन्छन्।*'' परमेश्वरले आदमबाट दुइ अङ्ग बनाइसकेपछि उहाँले ती दुवैलाई वैवाहिक सम्बन्धमा बाँधिन दिनुभयो यसैले कि तिनीहरूले एकताको अनुभव गर्न सकून्। आदम र हव्वा, दुइ अङ्ग बनाइसकेपछि उहाँले दुवैलाई वैवाहिक सम्बन्धद्वारा पुनः एक गराउनुभयो।

परमेश्वरले यस्तो प्रकारले सृष्टि गर्नुभयो कि तिनीहरू शारीरिक यौनसम्पर्कद्वारा पनि एक हुन सकून्। उत्पत्ति २:२४ मा '*तिनीहरू एउटै शरीर हुन्छन्*' भनिएको छ। यो कुराबाट हामी यो बुझ्न सक्छौं कि, यौनसम्पर्क आफैमा पाप होइन, तर यो त परमेश्वरले दिएको उपहार



हो। जसद्वारा श्रीमान् र श्रीमतीले आफ्नो एउटापनको अनुभव र आनन्द लिन्छन्।

आदम र हव्वा सँगसँगै थिए र सँगसँगै परमेश्वरको सङ्गतिमा आनन्दित भए। उत्पत्ति १ र २ अध्यायले हामी आपसमा तथा परमेश्वरबीच सङ्गति गर्नका निम्ति सृजिएका हौं। यो कुरा उत्पत्ति ३:८ को पहिलो भागमा देख्न सक्छौं, '*साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दै हुनुहुँदा तिनीहरूले उहाँको सोर सुने र मानिस र उनकी पत्नी ...*' परमेश्वर उनीहरूलाई भेट्न आउनुभयो। उहाँले प्रत्येक दिन तिनीहरूसँग सङ्गति गर्नुहुन्थ्यो।

उत्पत्ति २:२४ मा ''*यसैकारण मानिसले आफ्ना आमा–बुबालाई छोड्छ, त्यसैले तिनीहरू दुवै एउटै शरीर भएर गुणात्मक वृद्धि गर्न सक्छन्*''भनेर भनिएको छैन। यो महत्वपूर्ण कुरा हो।

संसारको वृद्धिको निम्ति परमेश्वरले विवाहको स्थापना गर्नुभएको होइन। धेरै संस्कृतिहरूमा विवाहको सफलता यदि तिनीहरूका बच्चा भए भने वा परिवारको नाम राख्न तथा पुर्ख्यौलीको सम्पत्तिको उत्तराधिकारीको रूपमा छोरालाई लिइने चलन छ। तिनीहरूको खोजी नै छोरा हुन्छ। विवाहपश्चात्त धेरै वर्षसम्म छोराछोरी भएनन् भने मानिसले श्रीमतीलाई पारपाचुके गर्ने तथा अर्की स्वास्नी ल्याउने गर्छन्। छोराछोरी नहुनुचाहिँ बडो शर्मको कुरा हो र यसले ठूलो भावनात्मक पीडाको सृजना गर्छ।

वास्तवमा, छोराछोरी परमेश्वरका आशिष् हुन्(भजन १२७:३–५)। तर छोराछोरी नै विवाहका उद्देश्य होइनन्। मूलतः हामीलाई वृद्धिको निम्ति विवाहको कुनै जरुरत छैन। दु:खको कुरा विवाहपूर्व यौनसम्पर्क तथा व्यभिचारमा धेरै नानीहरू जन्मिएका छन्, जो आमा–बुबा तथा पारिवारिक वातावरणको न्यानोपनमा हुर्किएका छैनन्। परमेश्वरले

निश्चित रूपमा बुबा-आमा भएको परिवारमा बच्चा जन्मिएको चाहनुहुन्छ। तर गुणात्मक वृद्धिको निम्ति परमेश्वरले विवाहको स्थापना गर्नुभएको होइन।

परमेश्वरको विवाह स्थापनाको मुख्य उद्देश्यचाहिँ यो हो कि विवाहद्वारा पुरुष र स्त्री दुवै पूर्ण एकतामा रहन सकून्।

यद्यपि उनीहरूका वैवाहिक जीवनमा कुनै पनि नानी नभए तापनि तिनीहरू एकतामा रहन सक्छन् र तिनीहरूले आत्मिकी, भावनात्मक तथा शारीरिक पूर्णताको आनन्द लिने तथा सफलताको वैवाहिक जीवनयापन गर्न सक्छन्। यदि तिनीहरूका दुई छोरा वा दुई छोरी नै किन नहोऊन्, यदि तिनीहरूको परिवारमा आत्मिकी तथा भावनात्मक एकता छैन भने, त्यसलाई परमेश्वरले चाहेको सफल वैवाहिक जीवनको रूपमा मान्यता दिनुहुनेछैन। विवाह सन्तानोत्पादनको निम्ति मात्र स्थापित भएको होइन।

**एकता**

एक-अर्कालाई उचाल्ने
एक-अर्काको आवश्यकता
एक-अर्कामा नजिक सम्बन्ध हुनु
एक-अर्कामा भरोसा
एक-अर्कामा समर्पण
एक-अर्कालाई उचाल्ने

हामी एक-अर्काको बारेमा एक-अर्कासँग कसरी बोल्दछौं, के हाम्रो बोलीले एक-अर्कालाई उचाल्छ, उत्साह दिन्छ वा एक-अर्कालाई तल झार्ने वा उपहास गर्ने हुन्छ ? फिलिप्पी २:३ पदमा यसरी लेखिएको छः नम्रतामा (एक-अर्कालाई वा बारेमा बोल्दा) एकले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान।



### *एक-अर्काको आवश्यकता*

एक-अर्काको सहायता वा आवश्यकता हुनु भनेको म आफैमा पूर्ण छैन भन्ने तथ्यको महसुस गर्नु हो।

### *एक-अर्कामा नजिक सम्बन्ध हुनु*

एक-अर्कामा सम्बन्धित हुनु भनेको हामीभित्र भएका कुरा बाँड्नु वा बताउनु हो। हाम्रा विचार, स्वप्न, आशा, डर , अनुभव र अभ्यासको बारेमा बताउनुपर्छ। यसको अर्थ यो पनि हो कि, हामीले एक-अर्कालाई बुझ्न वा उसले के कुरा बाँड्न चाहन्छ, त्यो पनि सुनिदिने गर्नुपर्छ। आफ्ना कुरा मात्र सुनिदियोस् भन्ने स्वार्थी हुनुहुँदैन।

### *एक-अर्कामा भरोसा*

एक-अर्कामा भएको भरोसाबिना एकता असम्भव छ। एक-अर्कामा हाम्रा प्रत्येक कुरा, धनसम्पत्ति बाँडचुँड र छलफल गरेका कुरा, असफलता र हाम्रो यौनानुभव पनि बाँड्नु आवश्यक हुन्छ। यदि मैले मेरो सहकर्मीसँग मेरा असफलताको बारेमा बाँडचुँड गरेँ भने उनले यी कुरा प्रचार गर्नेछैनन् भन्ने निश्चयता ममा छैन भने मैले ती कुरा बाँड्ने छैन र एकता भन्ने कुरा असम्भव हुन्छ।

### *एक-अर्कामा समर्पण*

कसैप्रति समर्पित हुनु भनेको आफ्नो जीवनमा अरुलाई प्राथमिकता दिनु हो। हामी हाम्रो काममा साथी, परिवार आदिसँग समर्पित हुन सक्छौं। जब हामी विवाह गर्दछौं, हामीले हाम्रा सहकर्मीलाई उच्च प्राथमिकता (परमेश्वरपछिको अर्को) दिनुपर्छ र त्यस व्यक्तिसँग समर्पित हुनुपर्छ।

वैवाहिक सम्बन्धचाहिँ शारीरिक सम्बन्ध (यौनसम्बन्ध) भन्दा पनि बढ्ता हो भन्ने कुरा तपाईंले बुझ्नुभयो होला भन्ने म आशा गर्छु।

जबसम्म हामीमा आत्मिक र भावनात्मक एकता हुँदैन तबसम्म यौन एकता त्यत्ति अर्थपूर्ण हुँदैन, बरु धेरै अप्रसन्नता हुन्छ।

यौन विवाहको अभिन्न अङ्ग हो। आजकल विविध ख्रीष्टियन लेखकहरूद्वारा यौन–जीवन बारेमा निक्कै राम्रा–राम्रा पुस्तकहरू लेखेका छन्। मैले तपाईंलाई तपाईंले विवाह पूर्व र पश्चात् एक–एकपटक यस्ता पुस्तक पढ्नुहोस् भनी सुझाव दिन्छु। विवाहसम्बन्धी राम्रो ज्ञान नभएमा विवाह पश्चात् यौन तथा वैवाहिक जीवन दु:खद अनुभव मात्र हुनसक्छ। राम्रो बुझाइ तथा एक–अर्काप्रतिको श्रद्धाद्वारा परमेश्वरले दिनुभएको सबैभन्दा असल उपहारमा दम्पति रम्न सक्छन्।

**जग २.**

विवाहको उद्देश्यचाहिँ एकता हो।




**सोच्न तथा छलफल गर्नको निम्ति आवश्यक प्रश्नहरू**

- तपाईंको संस्कृतिमा विवाहको उद्देश्य के हो ? कुन अवस्थामा विवाहको उद्देश्य आधारित छ ?
- के तपाईंको विवाह एकतातर्फ बढेको छ ?
- के यसले परमेश्वरको स्वरूप प्रदर्शन गरेको छ ?

# 3

# बाइबलीय विवाहको चित्रण

**''पति पत्नीको शिर हो,**
**जसरी ख्रीष्ट मण्डलीको**
**शिर हुनुहुन्छ... ...।'** (एफिसी ५:२३)
**'... ... म त्यसलाई सुहाउँदो**
**एउटा सहयोगी बनाउनेछु।'** (उत्पत्ति २:१८)

यदि तपाईंले एउटा ठूलो र बलियो घर बनाउन चाहनुहुन्छ भने, तपाईंले गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण कुरा गहिरो र पक्का जग बसाल्नु हो। यदि हामीले वैवाहिक जीवन बलियो र असल भएको चाहन्छौं भने कस्तो प्रकारको विश्वास–प्रणालीमा विवाहको जग बसालेका छौं भन्ने कुरा विचार गर्नुपर्छ। अगाडिका दुई अध्यायहरूमा हामीले दुईवटा मुख्य आधारभूत विश्वासको बारेमा हेरेका छौं, जसमा हामीले विवाह कस्तो हुनुपर्छ भनी हेऱ्यौं।

१. पुरुष र स्त्री दुवै परमेश्वरका स्वरूपमा सृजिएका हुन्।
तिनीहरू दुवै समानरूपले मूल्यवान् र महत्वपूर्ण छन्।
२. विवाहको उद्देश्य एकता हो।

यी दुवै विश्वासमा आधारित विवाहको निम्ति परमेश्वरको परिकल्पना र कसरी हामीले घर निर्माण गर्नसक्छौं ताकि जहाँ हामी आनन्दित हुन सक्छौं भन्ने कुरालाई हेर्न गइरहेका छौं। हामीलाई यस्तो घरको आवश्यकता छ, जसले आँधीबेहरीबाट सुरक्षा दिने मात्र होइन तर आनन्द पनि दिन्छ।

मूल्य र मान्यतामा पुरुष र स्त्री समान भए तापनि अन्य धेरै कुरामा तिनीहरू भिन्न छन्। तिनीहरू शारीरिक संरचना, व्यक्तित्व र भावनामा पनि भिन्नै छन्। जब हामी बाइबल अध्ययन गर्दछौं हामीले वैवाहिक सम्बन्धमा पुरुष र स्त्रीका भिन्नै भूमिका हुन्छन् भन्ने कुरा थाहा पाउँछौं। यस किसिमको भूमिकाको समझबिना त्यहाँ एकता हुन असम्भव छ। हामी एक-अर्कामा पूर्ण र परमेश्वरको उद्देश्य पूरा गर्न सक्षम् हुँदैनौं। हामीले बाइबलमा पाउने विशेष प्रकारको भूमिकाको बारेमा हेरौं।

'... पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ...।' (एफिसी ५:२३)

*'ए पति हो, आ—आफ्ना पत्नीलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफैलाई अर्पण गर्नुभयो।' (एफिसी ५:२५)*

एफिसी ५:२३ बाट हामी यो सिक्न सक्छौं कि, विवाहमा पतिको मुख्य भूमिका भनेको 'पत्नीको शिर' हुनु हो। हामीले कसरी शिर हुनुपर्छ भन्ने नमूनाको निम्ति मण्डलीको शिर ख्रीष्टलाई हेर्नुपर्छ। पद २५ मा यो पाउँछौं, पतिले आफ्नी पत्नीलाई ख्रीष्टले मण्डलीलाई प्रेम गर्नुभएझैँ प्रेम गर्नुपर्छ। यहाँ प्रयोग गरिएको प्रेम शब्द ग्रीक शब्दको



'अगाप्पे' बाट आएको हो, जसको अर्थ कसैलाई मूल्य वा महत्व दिने भन्ने हुन्छ। यस प्रकारको प्रेम निस्वार्थी, बिनासर्त र बलिदानपूर्ण प्रेम हो। हामीले कसरी प्रेम गर्नुपर्छ भन्ने कुरा ख्रीष्टले मण्डलीलाई गर्नुभएको प्रेमको नमूनालाई हेर्न सक्छौं। उहाँले आफैलाई मण्डलीको निम्ति बलिदान दिनुभयो। असल श्रीमान्‌को भूमिका निर्वाह गर्न ख्रीष्टको नमुना नै मुख्य हो।

*परमप्रभु परमेश्वरले भन्नुभयो, ''मानिस एकलो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउँदो एउटा सहयोगी बनाउनेछु।'' (उत्पत्ति २:१८)*

*'ए पत्नी हो, प्रभुको अधीनमा रहेजस्तै आ—आफ्नो पतिको अधीनमा बस।' (एफिसी ५:२२)।*

उत्पत्ति २:१८ पद बाट हामी थाहा पाउँछौं कि स्त्री मानिसको निम्ति मिल्ने किसिमको सहयोगी हुन सृजिएकी थिइन् र विवाहमा स्त्रीको मुख्य भूमिका भनेको आफ्नो श्रीमान्‌को निम्ति सुहाउँदो सहयोगी हुनु हो। एफिसी ५:२२ पदअनुसार उनले आफ्नो जीवन ख्रीष्टमा सुम्पेझैं श्रीमान्‌को अधीनमा सुम्पनुपर्छ।


यो एउटा अवर्णनीय भरोसाको कार्य हो र यो प्रेमबाट मात्र हुन आउँछ। जब श्रीमती, येशूले मलाई प्रेम गरेझैँ मेरो श्रीमान्‌ले प्रेम गर्नुहुन्छ भन्ने कुरामा निर्धक्क हुन्छिन् ,तब उनले आफ्नो जीवन ख्रीष्टलाई सुम्पेझैं श्रीमान्‌लाई सुम्पनेछिन्। याद गर्नुहोस्, यो बलप्रयोगद्वारा गरिने कार्य होइन, यो त प्रेमको प्रतिफल हो। तर यदि उनी आफ्नो जीवन समर्पण नगरी आफ्नै इच्छामा चल्दछिन् भने त्यहाँ एकता सम्भव हुँदैन।

अर्को अध्यायमा सुहाउँदो सहयोगी भनेको के हो, भन्नेबारेमा अझ विस्तृतरूपमा हेर्नेछौं। तर यो स्पष्ट हुन्छ कि यसले दासको संज्ञा दिएको छैन। अनुमान गर्नुहोस्, यदि एउटा डाक्टरले शल्यक्रिया गर्दैछ र उसलाई

सहायताको खाँचो भयो भने, के उसले कूचीकार र भान्छेसँग सहायता वा सरसल्लाह माग्छ? माग्दैन, उसले त आफू समान वा आफूभन्दा बढ्ता जान्ने डाक्टरसँग सल्लाह लिन्छ।

त्यसरी नै, श्रीमती आफ्ना श्रीमान्का निम्ति दक्ष सहयोगी हुन सृजिएकी हुन्, यसैले कि सँगसँगै मिलेर तिनीहरूले परमेश्वरले दिनुभएको उद्देश्य पूरा गर्न सकून्।

बाइबलका यी सबै पदहरू मिलाएर हामीले तलको चित्र कोर्न सक्छौं




**यो नक्साले दुवै साझेदार दम्पत्ती परमेश्वरले स्थापित गर्नुभएको वैवाहिक सम्बन्धको एकतामा रहेर ख्रीष्टको स्वामित्वको अधीनमा समानरूपले समर्पण गरेको देखाउँछ।**



### *१ ) ख्रीष्ट सबै मानिसहरूका शिर हुनुहुन्छ।*

ख्रीष्ट मण्डलीको शिर, जसको उहाँ उद्धारक हुनुहुन्छ (एफिसी ५:२३)। उहाँ ख्रीष्टको शरीरमा भएका सबै बालबालिका, स्त्री वा पुरुषहरूका शिर हुनुहुन्छ। उहाँले आफ्नो जीवन बलिदान दिएर हामीलाई बचाउनुभएको छ। उहाँले हामीमा आफ्नो प्रेम खन्याउनुभएको छ।

### *२ ) एउटा पुरुषले आफ्नो जीवन ख्रीष्टमा समर्पण गर्नुपर्छ।*

यो ख्रीष्टियन विवाहको एक सुरुआत हो। रोमी १२:१,२ पदअनुसार एक जना मानिस जो परमेश्वरको प्रेममा समर्पित छ, उसले आफ्नो अधिकार, इच्छा र आफ्नो जीवन नै परमेश्वरको निम्ति बलिदान गरेको हुन्छ। उसले आफ्नो मनमा नयाँ भई परमेश्वरको इच्छाबारे सोच्न शुरु गर्छ। उसको जीवन परिवर्तन हुन्छ, समाजले जे गर्छ, उसले त्यस्तै कामहरू गर्न छाड्छ। ऊ ख्रीष्टमा नयाँ सृष्टि हुन्छ। उसले आफ्नो जीवनमा भएको परमेश्वरको असल र सिद्ध इच्छाको स्वाद चाखेको हुन्छ।

### *३ ) स्त्रीले आफ्नो जीवन ख्रीष्टमा समर्पण गर्नुपर्छ।*

विवाह पूर्व नै एक स्त्रीले आफ्नो जीवन ख्रीष्टलाई समर्पण गरेको हुनुपर्छ। तिनले ख्रीष्टको प्रेमलाई अँगालेर आफैलाई जिउँदो बलिको रूपमा प्रस्तुत गर्न सक्छिन् (रोमी १२:१,२)। तिनी आफ्ना इच्छा र अधिकारलाई त्यागेर नयाँ हुन सक्छिन्। यदि तिनले आफ्नो जीवन परमेश्वरमा समर्पण गरेकी छैनन् भने, कसरी उनले आफ्नो जीवन परमेश्वरलाई सुम्पेझैँ आफ्नो श्रीमान्लाई सुम्पन सक्छिन्? तिनको परमेश्वरसँगको सम्बन्ध अन्य सम्बन्धभन्दा बढ्ता महत्वपूर्ण हुन्छ। यो सम्बन्धबाट मात्र परमेश्वरले उनलाई दिनुभएको श्रीमान्लाई आफ्नो

जीवन समर्पण गर्न सक्छिन्।

***४) श्रीमान् विवाह पश्चात् श्रीमतीको शिर हुन्छ, त्यसैले उसले श्रीमतीलाई ख्रीष्टले गर्नुभएको जस्तै अगाध्ये प्रेमद्वारा उनलाई अगुवाइ गर्नुपर्छ।*** *(एफिसी ५:२३,२५)*

हामीले येशूलाई आराधना र प्रेम गर्छौं किनभने उहाँ हाम्रो निम्ति मर्नुभयो, उहाँले आफ्नो जीवन बलिदान दिई आफ्नो प्रेम दर्साउनुभयो। त्यसकारण, हामीले उहाँको आराधना गर्ने निर्णय लियौं र हामी, हाम्रो जीवनको लागि उहाँको सिद्ध इच्छा खोज्दछौं। यस्तै प्रकारले श्रीमान्ले पनि श्रीमतीलाई प्रेम गर्नुपर्छ तथा उनको निम्ति सबैभन्दा असल–असल कुराको खोजी गर्नुपर्छ। शिर हुनु भनेको ख्रीष्टजस्तै हुनु भनेको हो।

***५) श्रीमती विवाह पश्चात् श्रीमान्को सहयोगी बन्दछिन्, उनले आफ्नो जीवन श्रीमान्लाई सुम्पनुपर्छ।*** *(एफिसी ५: २३,२५; उत्पत्ति २:१८)*

ख्रीष्टको आज्ञाकारीताको निम्ति प्रतिफलस्वरूप जसरी श्रीमान्ले श्रीमतीलाई अगुवाइ गर्दछ, त्यसरी नै श्रीमतीले पनि आफ्नो जीवन श्रीमान्को अगुवाइको अधीनमा सुम्पनुपर्छ। आफ्नो सारा शक्ति र प्रेमले मेरो सबैभन्दा असल कुराको निम्ति श्रीमान्ले मलाई अगुवाइ गरिरहनुभएको छ भन्ने कुरामा भरोसा गर्नुपर्छ। उनले आफ्नो जीवनको पहिलो प्राथमिकता आफ्नो इच्छा पूरा नगरेर श्रीमान्को इच्छामा आफैलाई सुम्पनेछिन् र आफूले सक्दो श्रीमान्लाई सहायता गर्नेछिन्।

***६) सँगसँगै वैवाहिक एकतामा हुनेछन्।*** *(उत्पत्ति २:२४, एफिसी ५:३१)*

यदि वैवाहिक सम्बन्धको निम्ति परमेश्वरले दिनुभएको भूमिकाअनुसार दुवै दम्पती जिउने हो भने, तिनीहरूले एक–अर्काको



भलाइ खोज्नेछन्। यसले तुरुन्तै तिनीहरूबीच गहिरो मित्रता कायम गर्नेछ र तिनीहरूले एक–अर्कालाई आदर गर्नेछन्, जसले गर्दा तिनीहरूबीच आत्मिकी, भावनात्मक र शारीरिक एकताको विकास हुनेछ।

**निम्नलिखित प्रश्नहरूको बारेमा सोच्नुहोस् र छलफल गर्नुहोस् :**

- सांस्कृतिक / पारिवारिक परम्परामा श्रीमान् र श्रीमतीको मुख्य भूमिका के–के हुन्?
- के ती भूमिकाले एकता र एक–अर्काले पूरा गर्नुपर्ने कर्तव्य पालनतर्फ डोऱ्याएका छन्?

# ४

# शिर

**'... पति पत्नीको शिर हो,**
**जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ,**
**जुन मण्डली उहाँको शरीर हो र उहाँ स्वयम्**
**त्यसको मुक्तिदाता हुनुहुन्छ।'** (एफिसी ५:२३)

मानिस आफ्नी श्रीमती र नानीहरूको शिर हुनु भनेको के हो ? धेरै संस्कृतिमा पुरुषलाई शिर र स्त्रीलाई पुच्छरको रूपमा हेरिन्छ अथवा पुरुषलाई मालिक र स्त्रीलाई दासको रूपमा व्यवहार गरिन्छ। पुरुषले सोच्ने र हाँक्ने गर्दछ भने स्त्रीले काम गर्ने गर्दछिन्। पुरुष नै शिर भएकाले उसले नै नियन्त्रण गर्नुपर्छ। श्रीमान्‌ले जेसुकै भने तापनि श्रीमतीले आज्ञापालन गर्नुपर्छ।

यदि हामीले एफिसी ५:२३ लाई राम्ररी अध्ययन गर्‍यौं भने यसले 'पुरुष आफ्नी श्रीमतीको शिर हो' भनी भनेको छैन। यदि यसो भनेको भए, हामीले आफूखुशी अर्थ लगाउन सक्ने थियौं। तर प्रेरित पावलले बुझ्ने गरी शिरको अर्थ लगाइदिएका छन्। उनले लेखेका छन्, पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन उहाँको शिर हो र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ। एफिसी ५:२५ मा उनले नमूना वाणी लेखेका छन्, 'पति हो, आ–आफ्ना पत्नीलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफैलाई अर्पण गर्नुभयो।' त्यस्तै बाइबलले प्रत्येक पतिलाई ख्रीष्टको नमुना अङ्गीकार गर्न आह्वान गरेको छ।

यसको अर्थ पतिको आफ्नी पत्नी र नानीहरूमाथि कुनै पनि अधिकार छैन भन्ने होइन। मत्ती २८:१८ मा येशूले भन्नुभयो,''स्वर्ग र पृथ्वीमा भएका सारा अधिकार मलाई दिइएको छ।'' त्यसरी नै पति पनि परिवारमा ख्रीष्टको नमुना हुन्छ र उसले अधिकार कार्यान्वयन गर्छ। तर हामीले आफूले आफैलाई सोध्नुपर्छ कि, किन स्वर्ग र पृथ्वीको सारा अधिकार येशूलाई दिइएको थियो ? किनभने जब हामीले फिलिप्पी २ अध्यायमा पढ्छौं, तब उहाँ मृत्युसम्म नै पिताको आज्ञाकारी हुनुभयो।'

*'तिमीहरूमा यस्तो मन होस् जो येशू ख्रीष्टमा पनि थियो। परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरसँग बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। तर आफैलाई रित्याएर कमाराको रूप धारण गरी मानिसको स्वरूपमा बनाइनुभयो। स्वरूपमा मानिसजस्तै भएर आफैलाई क्रूसको मृत्युसम्मै आज्ञाकारी बनाएर नम्र तुल्याउनुभयो। त्यसैकारण पनि परमेश्वरले उहाँलाई उच्च पार्नुभयो र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ।' (फिलिप्पी २:५–९)*



नेतृत्व भन्नाले दुइ कुरा बुझ्नुपर्छ।

उत्तरदायित्व + अधिकार

यदि कुनै राजा वा अध्यक्षले आफ्नै खुशीले काम गर्छ भने त्यसलाई तानाशाह भनिन्छ र सबै मानिसले उसलाई घृणा गर्दछन्। तर राजा वा अध्यक्ष, कसैले आफ्नो उत्तरदायित्व साँचो तरिकाले पूरा गर्छ, आफ्ना मानिसहरूको भलो चिताउँदछ भने, उसले प्रेम र आदर पाउँछ र सबैले उसको आज्ञापालन गर्छन्।

जसरी येशू सेवा गर्न र उद्धार गर्न आउनुभयो, त्यसरी नै एउटा पति सेवा गर्न र आफ्नी पत्नीको उद्धार गर्न साथै नानीहरूलाई उत्तरोत्तर प्रगतितर्फ डोऱ्याउन बोलाइएको हो।

पतिको उत्तरदायित्व के–के हुन् ?

**मुख्यतः ऊ निम्न कुरामा उत्तरदायी हुन्छ**

- आत्मिक आवश्यकता
- भावनात्मक आवश्यकता
- भौतिक तथा शारीरिक आवश्यकताप्रति जिम्मेवारी छ।

हामीले यी तीन क्षेत्रको बारेमा अन्य अध्यायहरूमा अध्ययन गर्नेछौं।

**सोच्न र छलफल गर्नको निम्ति प्रश्नहरू :**

- तपाईंको विचारमा पुरुष शिर हुनु भनेको के हो ?

# ५

# आत्मिकी नेतृत्व

**''त्यसकारण, उहाँद्वारा परमेश्वरकहाँ आउने सबै मानिसहरूलाई उहाँले सधैंको निम्ति एकैपल्ट उद्धार गर्न सक्नुहुन्छ। उहाँ तिनीहरूका पक्षमा परमेश्वरसित अर्जविन्ती गर्नको निम्ति सदैव जीवित रहनुहुन्छ।''** (हिब्रू ७:२५)

परिवारको आत्मिक अगुवा हुनु भनेको के हो? यो मण्डलीको पास्टर वा पुरानो करारमा मुख्य पूजाहारी भनेजस्तै हो।

प्रत्येक पुरुष र स्त्री परमेश्वरको राज्यका पूजाहारी हुन्।

१ पत्रुस २:९ ले भन्दछ कि, हामी चुनिएका वंश र राजकीय पूजाहारीगिरी हौं र गलाती ३:२८ ले भन्दछ कि, त्यहाँ न त पुरुष न

स्त्री छ, किनकि हामी सबै ख्रीष्टमा एक छौं। त्यसैले परमेश्वरको राज्यमा स्त्री पनि पूजाहारी हो। तर परिवारको अगुवा भएकाले श्रीमान्‌लाई आफ्नो परिवारमा पूजाहारीको रूपमा आत्मिक उत्तरदायित्व पनि निभाउनुपर्छ, जसरी ख्रीष्ट मण्डलीको मुख्य पूजाहारी हुनुहुन्छ (हिब्रू ५:७-१०)।

श्रीमान्‌ले पूजाहारीको रूपमा निभाउनुपर्ने उत्तरदायित्व के-के हुन् ?

सबैभन्दा पहिले हामीले यो प्रश्नलाई विचार गर्नु आवश्यक हुन्छ, 'ख्रीष्ट मण्डलीको शिर र मुख्य पूजाहारीको हैसियतले के गर्दै हुनुहुन्छ ?'

हामीले यसको उत्तर हिब्रू ७:२५ मा पाउँछौं, '..... उहाँ अन्तर्विन्ती गर्दै हुनुहुन्छ।' ख्रीष्ट पिताको दाहिने हाततर्फ बसेर हाम्रो निम्ति अन्तर्विन्ती गर्नुहुन्छ। यो नै उहाँको मुख्य काम र उत्तरदायित्व हो। त्यसकारण, श्रीमान्‌को उत्तरदायित्व के के हुन सक्छ त ?

परिवारको पूजाहारी भएको नाताले श्रीमान्‌को निम्न उत्तरदायित्व हुन्छन्।

***१) अन्तर्विन्ती गर्ने (हिब्रू ७:२५)***

मध्यस्थकर्ताको हैसियतले श्रीमान्‌ले आफ्नी श्रीमती र नानीहरूलाई परमेश्वरको आशिष् खोज्नुपर्छ। तिनीहरूको जीवनमा परमेश्वर महिमित हुनुभएको होस्, तिनीहरूको जीवनमा उहाँको राज्य र इच्छा पूरा हुनसकोस्।

कहिलेकहीँ म शिक्षक, लेखक र अगुवा भएको कारण म आफ्नो काममा व्यस्त हुन्छु र अचानक प्रत्येक कुरा बिग्रेको पाउँछु। मेरी श्रीमती निराश हुन्छिन् र रिसाउँछिन्। मेरो छोरा पनि नराम्रो कुरा गर्न थाल्छ र मलाई किन यस्तो भएको हो भनी मलाई अचम्म लाग्छ। मैले तिनीहरूको निम्ति यति कठिन काम गर्दा पनि कसैले मलाई राम्ररी बुझ्दैनन्। अनि म विचार गर्छु, मैले त सबैभन्दा महत्वपूर्ण काम अन्तर्विन्ती गर्न बिर्सिएको पाउँछु। मैले मेरो परिवार र नानीहरूको जीवनमा परमेश्वरको निगाहको माग गर्न बिर्सिएको हुन्छु। म परिवारको उत्तरदायी व्यक्ति भएर पनि मैले गर्नुपर्ने सबैभन्दा महान् जिम्मेवारी पूरा नगरेकोमा परमेश्वरसँग क्षमा माग्छु।



<u>ऊ मध्यस्थकर्ता भएकोले, उसले आफ्नो परिवारको प्रतिनिधित्व गरेको हुन्छ।</u>

उसले दिनहुँ केही समय लिएर आफ्नी श्रीमती र नानीहरूको निम्ति परमेश्वरको इच्छा खोज्नुपर्छ र परमेश्वरले परिवारको अगुवाइ गर्न उसलाई के भन्दै हुनुहुन्छ सो सुन्नुपर्छ।

एक दिन मेरो बिहानको प्रार्थनामा परमेश्वरले मलाई पावल 'जाऊ र श्रीमतीको निम्ति खाना तयार गरी खानदेऊ' भन्नुभयो। प्रार्थनाको समयमा परमेश्वरले मलाई, श्रीमती र नानीहरुलाई सहयोग पुऱ्याउन मैले के गर्नुपर्छ भन्ने कुरा बताउनुहुन्छ।

एक मानिस असल श्रीमान् हुनको निम्ति उसले असल र अनुशासित प्रार्थनामय जीवनको विकास गर्नु सबैभन्दा पहिलो प्राथमिकता हो।

***२) सिकाउनुपर्छ***

*'पति हो, आ-आफ्ना पत्नीलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफैलाई अर्पण गर्नुभयो। यसैले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सक्नुभएको होस्।'* (एफिसी ५:२५,२६)

कसरी श्रीमान्‌ले आफ्नी श्रीमतीलाई पवित्र र शुद्ध पार्न सक्छ ? कसरी उसले तिनलाई अझ सुन्दर बनाउन सक्छ ? <u>परमेश्वरको वचनद्वारा</u>।

अब कल्पना गर्नुहोस् कि श्रीमान्ले एउटा बाइबल लिएर श्रीमतीलाई कुरा नकाट्नु, श्रीमान्प्रति समर्पित हुनु, नचोर्नु आदि भनि सिकाइरहेछ। के तपाईं यसले काम गर्ला भन्ने ठान्नुहुन्छ? यो त असम्भव छ, बरु तिनले उनलाई घृणा गर्नेछिन्। न त यो श्रीमतीलाई सिकाउने तरिका नै हो।

श्रीमान्ले आफ्नो परिवारलाई सिकाउँदा फरिसी र व्यवस्थाका पण्डितहरूले सिकाएजस्तो गरी सिकाउनुहुँदैन। तर येशूले सिकाएझैँ सिकाउनुपर्छ। येशूले कसरी सिकाउनुभयो त? उहाँले हामीलाई क्रूसमा आफ्नो प्राण दिएर प्रेमको अर्थ लगाइदिनुभयो। उहाँले पापीहरूलाई स्वीकार गरी क्षमाको अर्थ सिकाउनुभयो। उहाँले आफ्ना चेलाहरू, जसले उहाँलाई इन्कार गरेका हुन्थे, तिनीहरूलाई निरन्तर धैर्यताको पाठ सिकाउनुभयो। उहाँ, आफैले पापै नगरी पवित्रताको पाठ सिकाउनुभयो।

एक श्रीमान्ले आफ्नी श्रीमती र नानीहरूलाई परमेश्वरको स्वभाव र चरित्र आफ्नो जीवनमा भएको नमुना देखाउँदै सिकाउनुपर्छ र ऊ क्षमा, अनुग्रह, प्रेम, धैर्यता, पवित्रता र विश्वसनीयताको उदाहरण (नमुना) हुनुपर्छ।

श्रीमान्ले शिक्षकको रूपमा परमेश्वरको प्रतिनिधित्व आफ्नो परिवारमा गर्छ। उसले आफैं नमुना भएर आफ्नो परिवारलाई धर्मशास्त्रबाट परमेश्वरले हामी यसरी जिएको चाहनुहुन्छ भनी सिकाउनुपर्छ।

प्रेरित पावल एक असल शिक्षक थिए र उनी निश्चित भई भन्दछन्, *'तिमीहरूले जुन कुरा मबाट सिक्यौ, ग्रहण गर्‍यौ, सुन्यौ र ममा देख्यौं त्यही गर अनि शान्तिका परमेश्वर तिमीहरूसित हुनुहुनेछ।'* (फिलिप्पी ४:९) यसरी नै एक श्रीमान्ले पिता भएको कारण आफ्नो परिवारलाई मेरो जीवनमा देखेका, मबाट सिकेका कुराको अभ्यास गर र परमेश्वर तिमीहरूसँग प्रसन्न हुनुहुन्छ भन्न सक्नुपर्छ।



शिक्षकको रूपमा हामीले आफ्नो परिवारको निम्ति नमुनाको जीवन प्रस्तुत गर्नुपर्छ। यदि एक पुरुष आफ्नो परिवारमा परमेश्वरको वचन, परमेश्वरको स्वभाव र चरित्रको नमुना अनि शिक्षक हुन चाहन्छ भने उसले परमेश्वरको वचन जान्नु र बुझ्नु आवश्यक हुन्छ। परमेश्वरको वचनको अध्ययनद्वारा दिनहुँ ध्यान गर्नुहोस् र आफूले पढेका वचनअनुसार व्यवहारिक हुनुहोस्।

### *३) आशिष् दिनु*

परमप्रभुले मोशालाई भन्नुभयो, ''हारून र त्यसका छोराहरूलाई भन्, इस्राएलीहरूलाई तिमीहरूले आशीर्वाद दिँदा यसो भन्नू : परमप्रभुले तिमीहरूलाई आशिष् दिऊन् र तिमीहरूलाई रक्षा गरून्। परमप्रभुले आफ्नो मुख तिमीहरूमाथि चम्काऊन् र तिमीहरूलाई अनुग्रह गरून्। परमप्रभुले आफ्नो चेहरा तिमीहरूमाथि प्रकाश पारून् र तिमीहरूलाई शान्ति दिऊन्।' यसरी नै तिनीहरूले इस्राएलीहरूमाथि मेरो काम कायम राख्नेछन् र म तिमीहरूलाई आशिष् दिनेछु।'' (गन्ती ६:२२–२७)

मानिसहरूलाई आशिष् दिनु पूजाहारीहरूको उत्तरदायित्वको मुख्य भाग थियो भने प्रत्येक श्रीमान् पनि आफ्नो परिवारलाई आशिष् दिन बोलाइएको हो।

आशिष् दिनु भनेको प्रार्थना गर्नु मात्र होइन। आशिष् दिनु भनेको हामीले एक–अर्कालाई बोल्ने कुरामा आधारित हुन्छ।

आशिष् दिनु भनेको उचाल्नु, आदर गर्नु र महत्वपूर्ण ठान्नु हो।

श्राप दिनु भनेको तल खसाल्नु, अनादर गर्नु वा मूल्यवान् नठान्नु हो।

त्यसैले यदि मैले मेरी श्रीमतीलाई 'मीठो खाना पकाउनुभएको लागि धन्यवाद' भन्छु भने मैले उनीमाथि आशिष्‌को घोषणा गरेको हुन्छु। यदि मैले तिम्रो सुझाव राम्रो छ भन्छु भने मैले आशिष्‌को घोषणा गरेको हुन्छु, तर यदि मैले उनको सुझावको बेवास्ता गरेँ भने मैले उनलाई अनादर गरेको हुन्छु र उनलाई मूल्यवान् ठानेको हुँदिनँ।

यदि मेरो छोरो स्कूलबाट जाँचमा असफल भएर आउँदा मैले उसलाई 'काम नलाग्ने मान्छे, तँ त कुनै पनि कामको योग्य छैनस् भन्छु भने त, मैले उसलाई श्राप दिएको हुन्छु। यदि ऊ असफल भएर आउँदा पनि मैले गल्ती नगरीकन छोरा असफल भए पनि केही छैन, तर तिम्रो जीवनमा परमेश्वरको महान् योजना छ। यसपटक असफल भएर के भो र अर्कोपटक त अवश्य नै पास हुन्छौ। यदि कहिल्यै पास नभए पनि म तिमीलाई प्रेम गर्न छोड्दिनँ, भन्छु भने मैले उसलाई आशिष् दिएको हुन्छु। जसरी गन्ती ६:२७ मा लेखिएको छ, '.... *म तिमीहरूलाई आशिष् दिनेछु।'*

प्रत्येक दिन हामी परिवारसँगसँगै प्रार्थना गर्दछौं, मैले मेरी श्रीमतीको शिरमा हात राखेर आशिष्‌को माग गर्छु। मेरा छोरा र छोरीहरूको शिरमा हात राखेर आशिष् माग्दछु। यस्तो शारीरिक स्पर्श राखेर आशिष्‌को घोषणा गर्दा त्यहाँ अचम्मको शक्तिको प्रत्याभूति हुनेछ। यसले आत्मिकी अगुवा भएर आफ्नो परिवारलाई परमेश्वरले चाहनुभएजस्तै गरी अगुवाइ गर्न, उहाँको नाउँमा परमेश्वरको आशिष् माग्न बाटो बनाइदिन्छ।

तपाईंले श्रीमती र नानीहरूलाई नकारात्मक कुरा गर्नु श्राप हो। यसको सबैभन्दा नराम्रो पक्ष भनेको परमेश्वरले तिनीहरूलाई दिनुहुने आशिष्मा बाधा ल्याउँछ। तपाईंले भनेका नकारात्मक कुरामा तिनीहरूले विश्वास गर्नेछन् र त्योचाहिँ तपाईंले तिनीहरूलाई श्राप दिएजस्तै हो।



तपाईंले दिनहुँ तिनीहरूसित आशिष्‌को कुरा गर्नुहोस्, तिनीहरूलाई छुनुहोस् अनि असल र सकारात्मक कुरा गरेर तिनीहरूका क्षमता, वरदान र भविष्यको बारेमा उत्साह दिनुहोस्। यसले तिनीहरूलाई विश्वास गर्न र काम गर्न सक्षम तुल्याउनेछ।

**विचार र छलफल गर्नका निम्ति प्रश्नहरू**

- कसरी तपाईंले परिवारमा आत्मिकी अगुवाको भूमिकाको विकास गर्दै हुनुहुन्छ? तपाईंको प्रार्थनामय जीवन,व्यवहार र बोली कस्तो छ?
- तपाईंको जीवनद्वारा आशिष् वा श्राप के को नमुना प्रदर्शित भएको छ?

# भावनात्मक नेतृत्व

**'... तर आवश्यकता एउटै कुराको छ।**
**त्यही असल कुरा मरियमले छानेकी छिन्,**
**जो उनीबाट खोसिनेछैन।'** (लूका १०:४१–४२)

मानव भएकोले हामीसित शरीर छ। त्यसैले जिउनको निम्ति पानी पिउन र खाना खान आवश्यक पर्छ। हामी आत्मिकी प्राणी पनि हौं, हाम्रो जीवनको जग भनेको आत्मिकी जीवन हो, जसमाथि हाम्रो मूल्य, मान्यता र कार्यहरू आधारित छन्। परमेश्वरको सम्बन्धबिना हाम्रो जीवन अन्धकारमा हराउने थियो तर सार्थक हुनेथिएन।

हामी संवेदनशील र भावनात्मक प्राणी हौं। हामीले, हाम्रो प्राण र भावनात्मक जीवनद्वारा अरु मानिस र आफैसँग सम्बन्ध राख्दछौं। मसँग संसारभरिका खानेकुरा भए तापनि यदि कोही मसँग बोल्ने व्यक्ति छैन भने म एकलो हुन्छु र आफ्नै जीवनलाई घृणा गर्छु। यसैकारण, परमेश्वरले आदमलाई एकलो रहन असल छैन, भनी भन्नुभयो। सायद, परमेश्वरले हामीलाई सृष्टि गर्नुको कारण कसैलाई आफू प्रकट गर्न, संवाद गर्न, प्रेम गर्न र प्रेम गराइन चाहनुहुन्थ्यो।

परमेश्वरले मानिसलाई शारीरिक जीवनमा रहने भावनात्मक प्राणीको

रूपमा सृष्टि गर्नुभएको छ। यसको मतलब हामीलाई खाना चाहिन्छ र त्योभन्दा पनि बढी अर्थपूर्ण जीवन जिउन भावनात्मक प्राणीको निम्ति विभिन्न आवश्यकता पूरा हुनपर्छ।

हाम्रा भावनात्मक आवश्यकताहरू के–के हुन् ?
हाम्रा सबैभन्दा ठूलो भावनात्मक आवश्यकता भनेको :
कसैले प्रेम गरेको अनुभव गर्नु !

हामी सबैलाई जन्मैदेखि नै कसैले प्रेम गरोस् भन्ने चाहन्छौं। यदि बालकले आफ्ना आमा–बुबाले प्रेम गरेको अनुभव गर्दैन भने उसले जसरी हुन्छ त्यो आवश्यक पूरा गर्न खोज्छ। उसले कुनै पनि मूल्यमा साथी बनाउने कोशिश गर्छ वा उसले नकारात्मक तरिकाले भए तापनि अरुको ध्यानाकर्षण गर्ने कार्य गर्न शुरु गर्छ।

जवानहरूको पनि निरन्तर प्रेमको खाली भकारी भरिएको हुनुपर्छ। यदि हामी कसैले पनि प्रेम गरेको अनुभव गर्दैनौं भने त्यो खाँचो पूरा गर्न अन्य विकल्पहरू खोज्दछौं।

हाम्रा अन्य भावनात्मक आवश्यक्ता यस प्रकार छन्–

- अरुले स्वीकार गरेको अनुभव
- मूल्यवान् छु भन्ने अनुभव
- अरुले मलाई चाहेको छ भन्ने अनुभव
- साथीहरू छन् भन्ने अनुभव
- सुरक्षित छु भन्ने अनुभव
- आनन्द र मनोरञ्जनको अनुभव
- मेरो आवश्यकता छ भन्ने अनुभव

परिवारको अगुवा भएको हुनाले आफ्नो परिवारको श्रीमती र



नानीहरूका यी आवश्यकता पूरा गराउनु उसको कर्तव्य हो। कसरी एउटा श्रीमान्ले  श्रीमतीले प्रेम पाएको, उनको आवश्यकता भएको, उनीहरू सुरक्षित भएको, मूल्यवान् छु भन्ने अनुभव गराउन सक्छ ?

कल्पना गर्नुहोस्, कुनै एक जना मानिस बिहान ५:३० बजे उठ्छ अनि प्रार्थना र बाइबल अध्ययनमा डेढ घण्टा बिताउँछ। बिहानको ७ बजे चिया र खाजा खान्छ अनि समाचार पत्रिका पढ्दै ९ बजे अफिस जानको निम्ति तयारी हुन्छ (उसँग राम्रो जागिर छ र महिनाको रू. ८५००/–का दरले कमाउँछ)। ७ बजे बेलुका घर आउँछ र नुहाउने काम गर्छ, तब ऊ फेरि साथीहरू भेट्न वा मण्डलीको केही कामको निम्ति जान्छ  अनि ९ बजे खाना खान आउँछ र मीठो खानाको निम्ति आफ्नी श्रीमतीको प्रशंसा गर्छ। एक घण्टा टिभी हेरेर सुत्न जान्छु भनी आफ्नी श्रीमतीलाई भन्दछ।

तपाईं के सोच्नुहुन्छ ? के त्यसकी श्रीमतीले प्रेम, चाहना र मूल्य पाएकी स्त्रीको रूपमा अनुभव गर्न सक्छिन् ? सक्दिनन्। आम्दानी राम्रो भएकोमा तिनी खुशी होलिन्, तर तिनको जीवन बेखुशी र असन्तुष्टिको हुनेछ। यदि तिनको ख्रीष्टसँग बलियो सम्बन्ध छैन भने अर्को सम्बन्धको विस्तार गर्न खोज्छिन् अनि उनका छोराछोरी प्रेम र स्वीकार्यको भावना अनुभव गर्ने प्रयासमा विद्रोही, लागूपदार्थको नसामा र अनैतिक सम्बन्ध विस्तारमा लाग्नेछन्।

किन ? किनभने तिनीहरूका भावनात्मक खाँचोहरू पूरा भएका हुँदैनन्।

मानिसले आफ्नी श्रीमती र नानीहरूको भावनात्मक खाँचोहरू पूरा गर्न के गर्न सक्छ ?

बाइबलबाट यो खण्डलाई विचार गरौं।

*येशू र उहाँका चेलाहरू यरूशलेमतिर जाँदै गर्दा मार्था र मरियमको गाउँमा आइपुग्नुभयो। तिनीहरूले उहाँलाई आफ्नो घरमा स्वागत गरे। मार्थाकी बहिनी मरियम येशूको पाउमा बसेर उहाँको वचन सुनिरहेकी थिइन्। तर मार्था भने खानेकुरा तयार गर्नमा अति नै व्यस्त थिइन्। तिनी येशूको छेउमा आइन् र भनिन्, ''प्रभु, मेरी बहिनीले सेवाको काममा मलाई एक्लै पारेकी छिन्, के तपाईं मलाई वास्ता गर्नुहुन्न? मलाई सहायता गर्न भनी यिनलाई भन्नुहोस्।'' तर प्रभुले तिनलाई भन्नुभयो, ''मार्था, मार्था तिमी धेरै कुरा लिएर व्याकुल हुन्छ्यौ। तर आवश्यकता एउटै कुराको छ। त्यही असल कुरा मरियमले छानेकी छिन्, जो उनीबाट खोसिनेछैन।''* (लूका १०:३८–४२)

म सोच्दछु, परमेश्वरले आजका धेरै दु:खित भएका श्रीमान्हरूलाई यो कुरा भन्नुहुनेछ :

'मानिस, मानिस, तिमी कडा परिश्रम गर्दछौ र धेरै कुराको निम्ति चिन्ता लिन्छौ तर सबैभन्दा महान् कुरा जुन आवश्यक छ सो गर्न असफल हुन्छौ। जुन कुरा तिमीले आफ्नो परिवार र नानीहरूसँग गर्नुपर्थ्यो। तिनीहरूले भनेका कुरा सुन्नु, तिनीहरूसँग खेल्नु आवश्यक छ। यदि तिमीले त्यसो गर्दछौ भने तिनीहरू तिमीसँग रहन खोज्नेछन्।'

श्रीमान्ले सबैभन्दा पहिलो र सबैभन्दा असल परिवारप्रति गर्नुपर्ने कुरा भनेको :

तिनीहरूसँग समय बिताउनु, तिनीहरूका कुरा सुन्नु र तिनीहरूसँग बातचित गर्नु हो।

विशेषगरी जब कुनै पनि मानिस कामको व्यस्ततामा जकडिएको हुन्छ। उसलाई श्रीमतीको कुरा सुन्न वा उनका कुरामा ध्यान दिन धेरै अनुशासन चाहिन्छ। उनले आफ्ना दिनभरिका घटना बताउन र श्रीमान्का दिनभरिका कुरा सुन्न चाहन्छिन्।

धेरैजसो समय जब मेरी श्रीमतीले आफ्नो दिनभरिको अनुभव बाँड्न



थाल्छिन्, केही समयपछि मेरो ध्यान आफ्नै कार्य योजनामा पुग्छ। यदि उनले तीन मिनेट मसँग बोलेपछि, ''अब के गरौं?'' ''... यसमा तपाईं के भन्नुहुन्छ?'' भनेर सोद्धा, मैले लजाउँदै भन्नुपर्ने हुन्छ, ''हँ? तिमी के भन्दै थियौ अरे?'' तिनी मसित रिसाउनेछिन् र भन्नेछिन्, ''तपाईं त मेरो कुरा सुन्दै सुन्नुहुन्न।'' उनले 'मेरो श्रीमान्ले मेरो वास्ता गर्दैन, मेरा कुरा सुनिदिँदैन, न त मलाई प्रेम नै गर्छ' भनी निराश हुन्छिन्।

अरुको कुरा सुन्नु भनेको धेरै कठिन कुरा हो। तर यदि हामीले श्रीमती र छोराछोरीको भावनात्मक समस्या सुल्झ्याइ सन्तुष्टि दिनुचाहिँ निक्कै महत्वपूर्ण कुरा हो।

कति मानिसलाई कुरा गर्नु पनि धेरै कठिन हुन्छ।

यदि मेरी श्रीमतीले आजको दिन कस्तो भयो? भनी सोधिन् भने मैले 'असलै थियो' भनी आफ्नो कामलाई नै निरन्तरता दिन्छु। उनले मलाई 'आज केही घटना घट्यो?' भनेर सोधिन् भने मैले 'अहँ' भनी जवाफ दिन्छु र 'के खाना तयार छ?' भनी म उनलाई सोद्धछु।

धेरैजसो मानिसहरू आफ्नो दिन कस्तो बित्यो भनेर श्रीमतीसँग कुरा गर्न चाहँदैनन्। श्रीमतीले 'मेरो श्रीमान्ले मलाई प्रेम गर्दैन, उसले मलाई आफ्नो जीवनमा समावेश गराएको छैन' भनी महसुस गर्छिन्। सायद मानिसले सोच्दछ, 'किन चाहियो तिमीलाई यी कुरा, खाना पकाए पुगिहाल्यो नि।'

दुर्भाग्यवश, यदि यस्तो अवस्था घरमा छ भने, श्रीमतीले 'यदि म भान्छे मात्रै हुँ भने उसले मलाई बिर्सेछ' भनेर सोच्दछिन्।

यदि तपाईं कसैको श्रीमान् हुनुहुन्छ भने तपाईंले सुन्ने, बातचीत गर्ने र खेल्ने समय निकाल्नुहोस्। तिनीहरूसँग अर्थपूर्ण जीवन बिताउनुहोस्। तिनीहरूको निम्ति कमसेकम आधा घण्टा समय निकाल्नुहोस्। यदि तपाईंले यसो गर्नुभयो भने तपाईंको श्रीमती र नानीहरूले वास्ता र प्रेम

गरेको अनुभव गर्नेछन्। यसो गर्दा तिनीहरूले पनि तपाईंको कुरा सुन्ने तथा आज्ञापालन गर्नेछन्।

हामीमा आफैँले मात्र आशिष् पाऊँ भन्ने भावना नभए तापनि यदि श्रीमतीले श्रीमान्‌को प्रेमको अनुभव गरेकी छन् भने उनले तपाईंलाई प्रेम गर्ने तथा आशिष् दिनेछिन्।

यही नै बाइबलले गर्न सिकाउँछ :

*'त्यसरी नै पतिहरूले पनि आ–आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ, आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ।'* (एफिसी ५:२८)

भावनात्मक खाँचोको अर्को मुख्य क्षेत्र भनेको हामी आवश्यक र मूल्यवान् व्यक्ति हौं भनी अनुभव गर्नु हो। परमेश्वरले प्रत्येक व्यक्तिलाई एक–एक निश्चित उद्देश्यको निम्ति सृजनुभएको छ। उहाँले हरेक पुरुष र स्त्रीलाई अद्वितीय गुण वा वरदानहरू दिनुभएको छ। कोही सङ्गीतमा, कोही विज्ञानमा, कोही यन्त्रशास्त्रमा, कोही लेखनमा, कोही रङ्ग लगाउने आदिमा विभिन्न वरदानहरूले विभूषित छन्। प्रत्येक व्यक्ति फरक छ। जबसम्म प्रत्येक व्यक्तिको विभिन्न वरदानलाई अर्थपूर्ण तरिकाले प्रयोगमा ल्याइँदैन तबसम्म हामी कहिल्यै पनि आफ्नो जीवनले पूरा गर्नुपर्ने कामहरू पूरा नभएको महसुस गर्दछौं।

सन्तुष्टिको जीवनयापन गर्न हाम्रो जीवनमा भएको परमेश्वरको योजना र उद्देश्यलाई बुझ्न र त्यसअनुसार जिउनुपर्छ। हामीले विवाह पूर्व नै परमेश्वरको योजना र उद्देश्य बुझ्नु निक्कै महत्वपूर्ण कुरा हो। वैवाहिक जीवन र नानीहरू भएपछि दुवै दम्पतीबाट धेरै समय र शक्तिको आवश्यकता पर्दछ। कतिपटक मानिसहरूले विवाहपछि मात्र आफ्नो बोलावटको थाहा गर्छन् र यो बोलावट सहकर्मीको जीवनसँग मेल खाँदैन। तिनीहरूले परमेश्वरले दिनुभएका वरदानहरू प्रयोग गर्न सक्दैनन्



र हतोत्साहित भई जीवनमा निराश हुन्छन्।

धेरैले आफ्ना वरदानहरूको प्रयोग गर्छन्। तिनीहरूले आफ्ना विभिन्न चुनौतीको सामना गर्दछन् र आफ्नो सहकर्मीले पनि तिनलाई कदर गरेकी हुन्छिन्।

धेरै स्त्रीहरू दिनभरि भान्छा र सरसफाइमा काम गर्ने हुँदा उनीहरूको आफ्नो जीवनको उद्देश्य पूरा हुन सक्दैन। यसकारण, श्रीमान् भएकाले उसले आफ्नी श्रीमतीको जीवनमा भएका परमेश्वरका वरदान र योजनाहरूलाई बुझ्नुपर्छ। जब म उनलाई आफ्नो वरदान घर लगायत समाज वा मण्डलीमा पनि प्रयोग गर्न उत्साह दिन्छु तब मात्र तिनले, म पनि आवश्यक र अर्थपूर्ण रहेछु भनी बुझ्न सक्छिन्। यसले उनलाई म पनि मूल्यवान् रहेछु भन्ने आँट आउँछ। यसको अर्थ यो हो कि, यदि मैले पनि समय मिलाएर खाना पकाउने काममा सहयोग गरिदिएँ भने त्यो समयमा मेरी श्रीमती अरुहरूलाई बाइबल अध्ययन गराउने, गीत सिकाउने वा अन्य परिवारको लागि परामर्श दिने काममा संलग्न हुन सक्छिन्। मैले बलिदानस्वरूप पैसा खर्च गरी कम्प्युटर सिकाई दिनसक्छु वा गिटार किनिदिन सक्छु। यदि मैले समय र पैसा लगानी गरिनँ भने मेरी श्रीमतीले आफ्नो जीवनमा कुनै पनि उन्नति गर्न सक्दिनन्।

म मूल्यवान् र आवश्यक छु भन्ने अनुभव गर्ने अर्को मुख्य उपायचाहिँ हामी कसरी बोल्दछौं र हामीले तिनीहरूलाई के दिन्छौं भन्ने कुरामा भर पर्छ। हितोपदेश ३१:२८, ३१ ले एक–अर्काको भावनात्मक खाँचो पूरा गर्ने बारेमा दुइवटा सिद्धान्तहरू दर्साएको छ।

*'तिनका छोराछोरीहरू खडा भएर तिनलाई धन्य भन्छन्, तिनका पति पनि यसो भनेर तिनको प्रशंसा गर्छन्: तिनले कमाएको इनाम तिनैलाई दिनू र तिनका कामले शहरको मूल ढोकामा नै तिनलाई प्रशंसा*

*ल्याऊन्।'*

प्रशंसा र उपहार, यी दुइ कुरा कसैलाई हाम्रो प्रेम र गरिएको सेवाप्रति धन्यवाद प्रस्तुत गर्ने सञ्चारका शक्तिशाली माध्यम हुन्। श्रीमान्हरूले कडा परिश्रम गरे बापत हप्ता वा महिनाको अन्त्यमा पारिश्रमिक प्राप्त गर्छन् भने श्रीमतीले हप्ता वा महिनाको अन्त्यमा के पाउँछिन्? तिनले कडा परिश्रम गरेर खाना पकाउने, सफासुग्घर गर्ने, लुगा धुने काम गरे तापनि केही पनि पाउँदिनन्। श्रीमान्ले तनखा बुझेपछि आफ्नी श्रीमतीलाई देखाउँदै "हेर, मैले कमाएको पैसा ! अब हामी यसलाई कसरी खर्च गर्ने त" भनी परामर्श लियो भने तिनले मेरो काम पनि उसको कामजत्तिकै महत्वपूर्ण रहेछ भनेर अनुभव गर्नेछिन्।

**सोचविचार र छलफलका निम्ति प्रश्नहरू**

- तपाईंले आफ्नी श्रीमतीसँग कुराकानी गरेर कति समय बिताउनुहुन्छ?
- के तपाईंसँग आफ्ना नानीहरूका निम्ति बोल्ने र खेल्ने समय छ?
- के तपाईंकी श्रीमती र छोराछोरीले, तपाईंले तिनीहरूलाई कहिल्यै स्याबास वा धन्यवाद दिएको कुरा सुनेका छन्?

# ७

# भौतिक नेतृत्व

**'बाहिरको काम पूरा गर,**
**र आफ्नो खेतबारी तयार पार,**
**त्यसपछि आफ्नो घर बना।'** (हितोपदेश २४:२७)

कल्पना गर्नुहोस् कि, एक कमान्डर सिपाही ओहदामा छ। ऊ आफ्नो समूहको नायक हो। तिनीहरूलाई कहीँ दुर्गमक्षेत्रमा खटाइयो, जहाँ शत्रुले कुनै पनि बेला उनीहरूमाथि हमला गर्न सक्थ्यो। तिनीहरूका सबै गोली–बारुद तयारी अवस्थामा छन्। प्रत्येक सिपाही राम्रोसँग तालिम प्राप्त र उनीहरूलाई दिएको कामको जिम्मा पूरा गर्न तयार छन्। आफ्नो देशको समुन्नतिको निम्ति आफ्नो जीवन नै अर्पण गर्न तयार छन्। तर नायकले खाना, पानी र अन्य बन्दोवस्तसम्बन्धी सामान ल्याउन बिर्सिएछ। अब भन्नोस्, कति समयसम्म तिनीहरू रहन सक्लान्?

तिनीहरूको पराजय र हारको दोषी को हुन्छ? सिपाहीहरू? होइन। त्यस कमाण्डरले नै सबै दोषको जिम्मेवारी लिनुपर्छ। ऊ त्यस झुन्डको अगुवा र त्यसको पूरा जिम्मेवारी वहन गर्ने व्यक्ति हो।

वैवाहिक सम्बन्धमा पनि त्यस्तै हुन्छ। विवाह गर्नु भनेको खाना प्राप्त गर्नु त होइन, तापनि हामी खानाबिना धेरै लामो समयसम्म रहन सक्दैनौं।

श्रीमान् भएको हैसियतले परिवारमा कुन–कुन भौतिक आवश्यकता पूरा गर्नुपर्छ?

- खाना
- लुगा
- आवास

अनि जब परमेश्वरले हामीलाई नानीहरु दिनुहुन्छ।

- शिक्षा / जीविकोपार्जनको निम्ति कमाउन योग्य बनाउने
- विवाह गर्न सहायता गर्ने

हितोपदेशको पुस्तकले एउटा सफल जीवनको आवश्यकताको निम्ति धेरै अर्तीका कुरा दिएको छ। तल दिइएको एउटा अर्तीको कुरालाई हेरौं।

*'बाहिरको काम पूरा गर, आफ्नो खेतबारी तयार पार, त्यसपछि आफ्नो घर बना।'* (हितोपदेश २४:२७)

पहिलो, तपाईंले घर बनाउनुअघि बाहिरको काम पूरा गर र खेतबारी तयार पार भनेको मतलब के हो? घर बाहिरको काम र खेतबारीको कामबाट हामीले पैसा पाउँछौं। घरमा हाम्रो पारिवारिक जीवन हुन्छ। त्यसैले बाइबलले भन्दछ, हामीले परिवार बसाउनुअघि हाम्रो



आय–श्रोत हुनुपर्छ। श्रीमान्ले विवाह पूर्व नै 'म कसरी मेरी श्रीमतीलाई खुवाउँला, कहाँ राखुँला र के लगाउन दिउँला' भनी विचार गर्नुपर्छ। कसरी मैले मेरा नानीहरूलाई खाना, लुगा र शिक्षा दिउँला? असल आम्दानी गर्न एक मानिसले के गर्नुपर्छ?

सबैभन्दा **पहिलो**, जतिसक्दो स्कूलको उच्च शिक्षा हासिल गर्नुपर्छ। हामीले आफैलाई जति योग्य तुल्याउँछौं, समाजमा त्यत्ति नै असल जागिर पाउन सक्छौं। यदि हामीले घरमै कुखुरा पालन गऱ्यौं भने पनि कसरी उत्पादन बढाउन सकिन्छ भन्ने कुरा आफूले पाएको शिक्षाबाट प्राप्त गर्न सक्छौं।

जब विवाह हुन्छ, अध्ययन भन्ने कुरा त्यत्ति सजिलो हुँदैन, किनकि ऊ विविध जिम्मेवारीको चपेटामा हुन्छ। विवाह पूर्व नै सक्दो अध्ययन गर्ने प्रयास गर्नु राम्रो हुन्छ।

**दोश्रो,** उसले जतिसक्दो धेरै सीपमूलक काम सिकेको हुनुपर्छ। कम्प्युटर सिक्नुहोस्। गाडी चलाउने अनुमतिपत्र लिनुहोस्। अंग्रेजी र हिन्दी सिक्नुहोस्। जति धेरै क्षेत्रहरूमा निपुण भइन्छ त्यत्ति नै धेरै जागिर पाउने सम्भावना हुन्छन् र जागिरमा पदोन्नति पनि हुन्छ।

**तेश्रो,** आफूले सिक्ने कुरालाई कहिल्यै पनि नरोक्नुहोस्। जबसम्म तपाईंले आफूलाई दक्ष बनाउनुहुन्न तबसम्म तपाईंले आशा गरेको पदोन्नति वा जागिरमा कसैले अझ दक्षता हासिल गरेर तपाईंको ठाउँ प्राप्त गर्नेछ र आएर काम गर्न थाल्नेछ। तपाईंको क्षेत्र वा सेवकाइमा जतिसक्दो आफूलाई दक्ष बनाउनुहोस्। यो पूरा समय सेवा गर्ने संस्थाहरूमा पनि लागू हुन्छ। कसैले पनि केही नजानेको मानिसलाई ल्याएर सेवामा राख्दैन। सेवक भएको हैसियतले आफ्नो क्षेत्रको खाँचो पूरा गर्न दक्ष

हुनलाई निरन्तर अध्ययन गर्दै जानुहोस्।

परमेश्वर हाम्रो पालनहार हुनुहुन्छ भन्दैमा, यसको मतलब हामी थुपुक्क बस्नुपर्छ भन्ने होइन।

*'तर यदि कसैले आफ्नाहरूका निम्ति र विशेष गरी आफ्नो परिवारका निम्ति प्रबन्ध गर्दैन भने उसले विश्वासलाई इन्कार गरेको छ र ऊ अविश्वासीभन्दा पनि खराब भएको छ।' (१ तिमोथी ५:८)*

सेवक भएको हुनाले मेरी श्रीमतीलाई ''श्रीमती, परमेश्वरले मलाई सिकाउने वरदान दिनुभएको छ। यसकारण, म छ हप्ताको निम्ति यात्रामा जाँदै छु, आशा गर्छु तिमीसँग प्रशस्त खाना छ होला'' भन्न मिल्दैन। यसले त मलाई अविश्वासीभन्दा पनि खराब बनाउँछ। श्रीमान् भएको नाताले गर्दा मेरी श्रीमती र नानीहरूलाई खाना आपूर्ति गर्ने जिम्मेवारी मेरो हो।

यही पदले ऊ आफन्तहरूको बारेमा पनि जिम्मेवारी छ भनी भनेको छ। यसमा आमा–बुबा पर्दछन्, जब तिनीहरू बूढाबूढी हुन्छन् तब तिनका छोराछोरीले तिनीहरूलाई पालनपोषण गर्नुपर्ने हुन्छ।

मैले परिवारनियोजनसम्बन्धी पनि राम्ररी बुझेको हुनुपर्छ। यदि मसँग रू.२५०० मात्र आम्दानी छ भने मैले कसरी श्रीमती र नानीहरू पाल्न सक्छु? यो असम्भव हुन्छ। मेरा नानीहरू भोकै हुनेछन् र मैले तिनीहरूलाई भोकै पढाउन पनि सक्नेछैन। यदि यस्तो अवस्था छ भने मैले परिवारनियोजनबारे सोच्नुपर्छ ताकि मैले आफूले पालनपोषण गर्न सक्नेभन्दा बढी नपाऊँ। नानीहरूको अधिकारचाहिँ खाना, बास, लुगा, र शिक्षा हो, साथै तिनीहरूका धेरै भावनात्मक खाँचोप्रति पनि बुबा–आमा जिम्मेवारी छन्।



परिवारनियोजन पाप हो भनी म विश्वास गर्दिनँ। कन्डमको प्रयोग, चक्की खाने तथा शल्यक्रिया, कुनै पनि तरिका नराम्रा होइनन्। तर हामीले यो पनि थाहा गर्नुपर्छ कि, त्यहाँ पापपूर्ण तरिकाले परिवारनियोजन गर्ने तरिका पनि छन्। जब स्त्री गर्भवती हुन्छे, तब औषधी खाएर बच्चा मार्नु हत्या हो। न त गर्भपतन नै राम्रो कुरा हो; यो त हत्या हो; जुन जीवनको सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ।

म विश्वास गर्छु, नानीहरूको भावनात्मक र शारीरिक खाँचो पूरा गर्न नसक्ने गरी एकपछि अर्को सन्तान जन्माउनु गलत प्रक्रिया हो। यो गैरजिम्मेवारी नेतृत्वको प्रतिफल हो।

**सोच्न र छलफलका लागि प्रश्नहरू**

- तपाईंले अझसम्म विवाह गर्नुभएको छैन भने, के तपाईंले लगातार अध्यापन सिध्याउनु सम्भव छ?
- तपाईंले कुन–कुन सीप सिक्न चाहनुहुन्छ?
- यदि तपाईं विवाहित हुनुहुन्छ भने, के परिवारनियोजनको बारेमा सोच्नुभएको छ? के गर्ने भन्ने थाहा नभए नजिकैको डाक्टर वा आफ्ना परिपक्व अगुवा मित्रहरूबाट परामर्श लिनुहोस्।

# ८

# सहयोगी

**परमप्रभु परमेश्वरले भन्नुभयो,**
**''मानिस एकलो रहन असल छैन।**
**म त्यसको निम्ति त्यसलाई सुहाउने**
**एउटा सहयोगी बनाउनेछु।''** (उत्पत्ति २:१८)

मानव इतिहासको सबैभन्दा गलत बुझाई भएको भूमिका भनेको सायद स्त्रीको भूमिका हो। ख्रीष्टियन संस्कृति भएका धेरै ठाउँमा पनि आजकल दासको भूमिकाभन्दा श्रीमान् अर्थात् शिरको भूमिका तल्लो दर्जाको भएको पाइन्छ। यदि हामीले उत्पत्ति १ र २ अध्यायलाई केलाएर हेऱ्यौं भने परमेश्वरले स्त्रीलाई सृजना गर्दा त्यही अर्थमा बनाउनुभएको होइन। हामीले अगाडि नै हेऱ्यौं कि परमेश्वरले दुवैलाई आफ्नो स्वरूपमा

बनाउनुभयो। उहाँले सृजनुभयो, किनकि उहाँले आदम एकलो रहन असल देख्नुभएन। त्यसैले गर्दा उहाँले आदमलाई दुई भाग बनाउनुभयो ताकि दुवै मिलेर एक–अर्कामा भावनात्मक र शारीरिक आवश्यकता पूरा गर्न सकून्। परमेश्वरको उद्देश्य विभाजन होइन तर एकता हो। उहाँले दुवै एक भएर काम गरून् भन्ने चाहनुहुन्थ्यो; जसरी परमेश्वर पिता, पुत्र र पवित्र आत्मामा एक हुनुहुन्छ। उहाँहरूले एक–अर्कामा प्रतिस्पर्धा गर्नुभएको छैन। न त एउटा ठूलो, अर्को सानो भन्ने कुरा नै छ। उहाँहरू एक हुनुहुन्छ।

जब परमेश्वरले सृष्टि गर्नुभयो तब उहाँले हामीलाई पृथ्वी अधिकार गर्ने र आफ्नो अधीनमा राख्ने आज्ञा दिनुभयो। यो आज्ञा कसको निम्ति हो त? पुरुष र स्त्री दुवैलाई? कसले पृथ्वीलाई अधिकार गर्ने?

*परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो र भन्नुभयो, ''फल्दै–फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दै जाओ। समुद्रका माछाहरू, आकाशका पंक्षीहरू' तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर'* (उत्पत्ति १:२८)।

पुरुष र स्त्री दुवैलाई सृष्टि गरेपछि (उत्पत्ति १:२७) बाइबलले भन्छ कि, परमेश्वरले आशिष् दिनुभयो (दुवै स्त्री र पुरुष) र दुवैलाई पृथ्वीमा राज गर्ने र अधिकार गर्ने आज्ञा दिनुभयो। हामी परमेश्वरले दुवैलाई एउटै भनी सम्बोधन गरेको देख्न सक्छौं। यसले, परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो र आदमलाई भन्नुभयो, 'पृथ्वीमा अधिकार गर र हव्वा तिमीले श्रीमान्को सेवा गर र उसको आवश्यकता पूरा गर' भनि भन्दै भन्दैन। अधिकार गर्ने आज्ञा दुवैलाई दिनुभएको हो। यही नै आशिष् थियो। श्रीमान्–श्रीमती दुवै एक रथका दुइ पाङ्ग्रा भएर रहून्। त्यसैले यो आशिष्लाई सहकार्यको आशिष् भनिन्छ।



तर तिनीहरू दुई समान पुरुषहरू भनेको होइन; तिनीहरू पुरुष र स्त्री थिए। दुई भिन्न व्यक्ति सृजना भए ताकि एकतामा दुवैको भिन्नाभिन्नै भूमिका होस्। त्यसैले तिनीहरूले पृथ्वीमा अधिकार गर्ने र अधीनमा राख्ने आज्ञा पूरा गर्न सकून्।

यदि हामीले उत्पत्ति १:२८ लाई राम्ररी नियालेर हेऱ्यौं भने, ''फल्दै–फुल्दै र वृद्धि हुँदै जाने'' कुरा आशिष् र आज्ञाको भाग हो। परमेश्वरले आमा–बुबाबाट मानवजातिको वृद्धि भएको र जसले परमेश्वरको चरित्र आफ्ना नानीहरूमा नमूनाको रूपमा दिन सकून्। यो आज्ञा दुवै दम्पतीलाई दिइएको हो। जसरी भावनात्मक नेतृत्वमा पिताको भूमिका अध्ययन गरियो, त्यसरी नै नानीहरूलाई हुर्काउन आफ्नो पनि त्यत्तिकै भूमिका हुन्छ।

परमेश्वरले आदम र हव्वा दुवैलाई परिवारको जिम्मेवारी वहन गर्न र अधिकार गर्न आशिष् दिनुभयो। किन आजकलका धेरै संस्कृतिहरूमा श्रीमान्चाहिँ श्रीमतीको शिर हुनको साटोमा मालिक हुन्छन्? किन श्रीमतीलाई श्रीमान्को सहयोगीको रूपमा नभई दासको रूपमा व्यवहार गरिएको छ?

सृष्टिको घटनाक्रम सिद्धिएको समयपछि नै यस प्रकारको ईश्वरीय नमुनाको सट्टामा बेमेल भयो। हामीले उत्पत्ति ३ अध्यायमा संसारमा पापको प्रवेश भएको बारेमा पढ्न सक्छौं। जब शैतानले स्त्रीलाई पाप गर्न लगाउने छल गऱ्यो,आदमले पनि आत्मिकी नेतृत्व दिन सकेनन् बरु स्त्रीलाई चेताउनी नदिएर पाप गर्ने अनुमति दिए। आफ्नी श्रीमतीलाई चेताउनी र गाली गर्नको सट्टामा उसले तिनको कुरा सुन्यो अनि तिनलाई नै पछ्यायो र ऊ पाप गर्न पुग्यो। त्यसपछि मानिस सृष्टिकर्ताप्रति


अनाज्ञाकारी भयो र परमेश्वरबाट टाढा भयो। जब परमेश्वर तिनीहरूलाई खोज्न आउनुभयो, तब तिनीहरू लुकिरहेका थिए। परमेश्वरले आदमलाई 'तिमीले के गऱ्यौ' भनी प्रश्न गर्दा उसले आफ्नी श्रीमतीलाई दोष दियो र श्रीमतीले सर्पलाई दोष दिइन्। परमेश्वरले सर्प, पुरुष र स्त्रीलाई श्राप दिनुभयो। उत्पत्ति ३:१६ मा परमेश्वरले स्त्रीलाई भनेको कुरा देख्न सक्छौं, *'तिम्रो इच्छा तिम्रो श्रीमान्प्रति नै हुनेछ र त्यसले नै तिमीमाथि शासन जमाउनेछ।'*

श्रीमान्ले श्रीमतीमाथि शासन गर्नु परमेश्वरको योजना होइन तर पापको परिणामस्वरूप यस्तो हुन आयो। अहिले पनि धेरै संस्कृतिमा मानिसहरूले स्त्रीहरूलाई आफ्नो अधीनमा राखेका छन्। यसको प्रतिफलस्वरूप सारा मानवजातिले दुःख भोगिरहेका छन्, किनभने मानिसले आफ्नो सहयोगी वा सहकर्मी गुमाएको छ। मालिक वा दासमा एकता कायम गर्नु भनेको सम्भवको कुरा होइन। कसैको अधीनमा रहेको व्यक्तिले मालिकको पूर्ण चाहना पूरा गर्न सक्दैन, न त उनका आवश्यकता नै पूरा हुन्छ। जब तिनी भावनात्मक रूपमा दुःख भोगिरहेकी छिन् भने, तिनले श्रीमान्लाई सहायता गर्नको सट्टामा झगडा वा चलाकी गर्न कोशिश गर्नेछिन्। जसको प्रतिफलस्वरूप श्रीमान्–श्रीमतीले दुःख भोग्छन् र नानीहरू पनि परमेश्वरको स्वरूप स्पष्टसित देख्न नपाई हुर्केका हुन्छन्।

परमेश्वरलाई धन्यवाद होस्। येशू ख्रीष्टले हाम्रा पापको मोल तिरिदिनुभएको छ। उहाँले हामीलाई व्यवस्था र पापको श्रापबाट छुटकारा दिनुभएको छ। अब हामी स्वतन्त्र छौं। हामी परमेश्वरको योजना अनुरूपको जीवन व्यतित गर्न सक्छौं। हामी परमेश्वरले दिनुभएको वास्तविक योजनामा श्रीमान्–श्रीमती सहकर्मीको रूपमा दुवै मिलेर पूर्ण परमेश्वरको स्वरूपको प्रतिनिधित्व गर्न सक्छौं र श्रीमान् शिर र श्रीमती सहयोगीको रूपमा काम गर्न सक्छौं।



हामीले अगाडि नै हेऱ्यौं कि श्रीमान सहकर्मीको शिर येशू ख्रीष्टको रूपमा प्रस्तुत गरिएको छ। यदि हामी परमेश्वरको स्वरूप चाहन्छौं भने परमेश्वरको एकता पिता,पुत्र र पवित्र आत्मालाई देख्न सक्नुहुन्छ।




श्रीमानको शिरले येशूको सङ्केत गर्छ। श्रीमती सहकर्मी वा सहयोगीको रूपमा कुनसँग सङ्केत गर्न सकिन्छ ? वैवाहिक सम्बन्धमा तिनले आफ्नो नमूनाको रूपमा कसलाई हेर्न सक्छिन् ?

सहकर्मीको सबैभन्दा ठूलो नमूना पवित्र आत्मा हुनुहुन्छ। के तपाईंले महसूस गर्नुभयो येशूको सेवकाई शुरू हुनुभन्दा अघि पवित्र आत्मा स्वर्गबाट उहाँमाथि आउनुभयो र उहाँसँग रहनुभयो ?

*'फेरि यूहन्नाले भने, ''मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट ओर्लिएर उहाँमाथि बस्नुभएको देखेँ।'' ' (यूहन्ना १:३२)*

पवित्र आत्मा येशूलाई पिताको इच्छा पूरा गर्न सक्षम बनाउन आउनुभयो। सँगसँगै उहाँहरूले एकतामा पिताको इच्छा पूरा गर्नुभयो।

बाइबलले सीधै हामीलाई श्रीमती पवित्र आत्माको चित्रण हो भनी नसिकाए तापनि तिनी परमेश्वरको स्वरूपको एक भाग हुन् र उत्पत्ति २ मा हव्वालाई आदमको सहयोगीको रूपमा सृष्टि गरिएको कुरा बताइएको छ। हामीले श्रीमतीलाई दासी, भान्से र कुचीकारको सट्टामा सहयोगी पवित्र आत्माको उदाहरणको रूपमा हेरौं। उनको सहयोगको भूमिका थाहा गर्न हामीले पवित्र आत्माको कार्यलाई हेरौं। उहाँले सहायता गर्न के गर्नुभयो ? उहाँको लक्ष्य, कार्य र क्रियाहरू के–के हुन् ?

| | |
|---|---|
| उहाँले सल्लाह दिनुहुन्छ | उहाँले दोष देखाउनुहुन्छ |
| उहाँले उत्साह दिनुहुन्छ | उहाँले सिकाउनुहुन्छ |
| उहाँले सान्त्वना दिनुहुन्छ | उहाँले ल्याउनुहुन्छ |
| उहाँले अन्तर्दृष्टि दिनुहुन्छ | उहाँसँग बुद्धिका कुरा छन् |
| उहाँले चङ्गाइको वरदान दिनुहुन्छ | उहाँ हाम्रो निम्ति अन्तरर्विन्ती गर्नुहुन्छ |
| उहाँले सङ्गति दिनुहुन्छ | .... आदि। |

*'यसरी नै आत्माले पनि हामीलाई हाम्रा दुर्बलतामा सहायता गर्नुहुन्छ किनकि हामी जसरी प्रार्थना गर्नुपर्ने त्यसरी गर्न जान्दैनौं तर आत्मा आफैले बयान गर्न नसकिने सुस्केरामा हाम्रा निम्ति अन्तर्विन्ती गर्नुहुन्छ।' (रोमी ८:२६)*

हाम्रा कमजोर क्षेत्रहरूमा हामीलाई सहायता चाहिन्छ, जसरी पवित्र आत्माले हाम्रा कमजोरीमा सहायता गर्नुहुन्छ। त्यसैले परमेश्वरले दुई भिन्नाभिन्नै वरदान र क्षमता भएका मानिसहरूलाई सँगसँगै ल्याउनुहुन्छ।



त्यसैले तिनीहरू ती वरदानहरूको भिन्नताबारेमा हरबखत झैझगडा गरी बस्दैनन्, तर एक–अर्कामा सहयोग पुऱ्याएर काम पूरा गर्छन्। उहाँले तिनीहरूलाई एक–आपसमा बाँध्नुहुन्छ, ताकि दुवै भिन्नै वरदान र क्षमताका मानिसहरूले परिवार हुर्काउन र तिनीहरूको जीवनमा भएको परमेश्वरको योजना पूरा गर्न मदत पुऱ्याउँछन्।

मलाई र मेरी श्रीमतीलाई मण्डलीमा वैवाहिक परामर्श दिनको निम्ति परमेश्वरले बोलावट दिनुभयो। शिक्षक र लेखक भएकोले म निकै व्यवस्थित र सृजनात्मक दिमागको थिएँ । म सामाजिक सम्पर्क र मानिसहरूसँग सम्बन्ध विस्तारमा कमजोर छु। तर परमेश्वरले मेरी श्रीमतीलाई यी वरदानहरूले भर्नुभएको छ। हामी दुवै मिलेर एउटा असल टिम बन्छौं। तिनीसँग सिकाउने वरदानको वृद्धि नभए तापनि तिनले मलाई कसरी मानिससँग असल प्रकारले कुरा गर्ने, के लेख्ने भन्नेबारेमा सरसल्लाह दिन्छिन्।

कस्तो रङ्गको कपडा किन्ने वा पहिरिने भन्ने कुरामा मलाई त्यत्ति ज्ञान छैन, तर मेरी श्रीमती मलाई कस्तो कपडा किन्ने र पहिरिने भन्नेबारेमा सरसल्लाह दिन्छिन्। तर हाम्रा केही साथीहरू भिन्नाभिन्नै छन्। एक विवाहमा श्रीमतीचाहिँ असल शिक्षक र प्रशासक थिइन्। तिनीहरू दुवैको सुसमाचार नपुगेका ठाउँमा सुसमाचार पुऱ्याउने बोलावट थियो। उनीहरूको सुसमाचार नयाँ ठाउँमा पुऱ्याउने सेवकाइमा श्रीमतीचाहिँ अगुवाको भूमिकाको रूपमा धेरै तालिम दिने काममा आफ्नो संस्थामार्फत् संलग्न हुन्छिन्। श्रीमान्ले बाहिरभन्दा घरमा धेरै काम गर्छन् र सेवकाइको संचालनमा धेरै व्यवहारिक कुरामा सहयोग पुऱ्याउँछन्। तर दुवै मिलेर सुसमाचार नपुगेका ठाउँहरूमा सुसमाचार पुऱ्याउने एउटै लक्ष्य पूरा

गर्छन्। परिवारमा श्रीमान् नै परिवारको शिर हुन्।

**श्रीमतीको निम्ति प्रश्न**

- पवित्र आत्माका कुन–कुन गुणहरू तपाईंको जीवनमा देख्नुहुन्छ ?
- के तपाईंले तिनलाई श्रीमान्सँगको सहकार्यमा प्रयोग गर्नुभएको छ ?

**श्रीमान्को लागि प्रश्न**

- श्रीमान्–श्रीमतीको सहयोग भन्ने कुरामा तपाईंले के बुझ्नुभएको छ ?

# ९

# आत्मिक सहयोगी

**'... आत्माले पनि हामीलाई**
**हाम्रा दुर्बलतामा सहायता गर्नुहुन्छ। ...आत्मा आफैले**
**.. हाम्रा निम्ति अन्तर्विन्ती गर्नुहुन्छ।'** (रोमी ८:२६)

रोमी ८:२६ ले भन्दछ, *'आत्मा आफैले ... हाम्रा निम्ति अन्तर्विन्ती गर्नुहुन्छ।'*

श्रीमान् र पिताको भूमिका निर्वाह गर्ने काममा श्रीमतीले सहायता पुऱ्याउने सबैभन्दा असल उपायचाहिँ उसको निम्ति अन्तर्विन्ती गर्नु हो। कुनै पनि श्रीमान् पूर्ण हुँदैनन्। हामीलाई प्रार्थनाको आवश्यक छ।

जब श्रीमती श्रीमान्सँग निराश हुन्छिन् वा रिस गर्छिन्, तब उनले उसको विरुद्धमा आलोचना नगरी, असुरक्षित र रिसाहा नबनाई उसको

निम्ति अन्तर्विन्तीको प्रार्थना गर्न राम्रो हुन्छ ताकि उसले आफ्ना गल्ती देख्न सकोस्।

म प्राय: सिकाउन जान्थेँ तर मेरी श्रीमती नानीहरूको कारण जाँदिन थिइन्। उनी घरमै बसेर मेरो निम्ति प्रार्थना गर्दथिन्।

*'पिताले मेरो नाउँमा पठाइदिनुहुने सल्लाहकार अर्थात्  पवित्र आत्माले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ र मैले तिमीहरूलाई भनेको प्रत्येक कुरा पनि सम्झना  गराइदिनुहुनेछ।' (यूहन्ना १४:२६)*

श्रीमतीलाई परमेश्वरको चरित्र र स्वभावको शिक्षक हुन पनि बोलाइएको हो। *बुबाको आज्ञापालन गर र आमाको शिक्षालाई नबिर्स* (हितोपदेश ६:२०)। परिवारमा आमाको ठूलो प्रभाव हुन्छ। श्रीमान् आफ्नो उत्तरदायित्व वहन गर्न बाहिर जान्छन् तर घरमा रहेर श्रीमतीले आफ्ना नानीहरूलाई परमेश्वरको चरित्र र स्वभावको नमुना हुन तिनीहरूलाई सिकाउनु र परमेश्वरको बाटोमा अगुवाइ गर्नु अर्को मुख्य भूमिका हुन्छ।

के सहयोगीले शिरलाई पनि सिकाउँछ? यो जटिल प्रश्न हो। धेरै पुरुषहरूले श्रीमतीसित सहायता माँग्नु आफ्नो एक कमजोरीको रूपमा लिन्छन्। तिनीहरूले कहिल्यै पनि दाससँग सोध्नुहुन्न भन्ने विचार राख्दछन्। जब तिनीहरू, स्त्रीहरू पनि परमेश्वरको स्वरूपमा सृष्टि गरिएका समान सहकर्मीहरू हुन्, दास होइनन् भन्ने कुराको महसुस गर्दछन्, तब मात्र उनीहरूले आफ्नो कमजोरीपन देख्छन् र परमेश्वरले तिनीहरूलाई दिनुभएको सहयोगीसित सरसल्लाहको निम्ति सोध्नेछन्। यदि परिवारमा गलत बुझाई वा झगडा हुन्छ र श्रीमतीले श्रीमान्को दोष हो, भन्ने तर ऊ तिनका कुरा सुन्नलाई इन्कार गर्छन्, भने तिनले साराको नमुनालाई पछ्याउनुपर्छ र उनले आफ्नो श्रीमान्लाई शब्दबिना (केही नबोली) जीवनको नमुनाद्वारा जित्नुपर्छ।



*'पत्नीहरू हो, आ–आफ्ना पतिको अधीनमा बस र यसरी तिनीहरूले वचन पालन नगरे तापनि आफ्ना पत्नीहरूको आचरणले गर्दा  बिनावचन भए  पनि  तिनीहरूलाई विश्वासमा ल्याउन सकियोस्।'*

१ पत्रुस ३:१ मा विश्वासी श्रीमान्ले श्रीमतीलाई सहकर्मीको रूपमा आदर गर्नुपर्छ भनी भन्दछ, यदि त्यसो गर्दैन भने परमेश्वरले त्यसको प्रार्थनालाई सुन्नु हुनेछैन।

*'त्यसरी नै पतिहरू पनि आफ्ना पत्नीलाई कमजोर पात्र र जीवनका अनुग्रहका साझा उत्तराधिकारी सम्झिएर, उनीहरूलाई आदर गर्दै बुद्धिमानीसाथ उनीहरूसँग बस र तिमीहरूका प्रार्थना नरोकियोस्।'* (१ पत्रुस ३:७)

विश्वासी श्रीमान्ले श्रीमतीलाई परमेश्वरले दिनुभएको सहयोगीको रूपमा ग्रहण गर्छ, उनको कुरालाई सुन्छ, उनको विचारलाई कदर गर्छ तथा सरसल्लाह लिन्छ। मानिसहरू तार्किक सोचाइका हुन्छन् भने, स्त्रीहरू आफ्ना अनुभव र अन्तर्ज्ञान प्रयोग गरी निर्णयमा आउँछन्। पुरुषहरूले स्त्रीहरूका अनुभव बुझ्न धेरै ठूलो प्रयास गर्नुपर्छ।

यो कुरा स्पष्ट छ कि प्रेरित पावलले एक विवाहित पुरुष र स्त्री आपसमा समझदारी र एक–अर्काप्रति सम्मानसाथ सम्झौतामा आएको चाहन्छन् तर नोकरलाई काम गराएजस्तो आदेशमा होइन। यदि श्रीमान्ले कुरा सुन्न इन्कार गर्छ भने  श्रीमतीले आफ्नो असल आचरण, प्रार्थना र अन्तर्विन्तीद्वारा उसको मन जित्नुपर्छ तर झगडा गरेर वा बाझेर होइन। *'पिताले मेरो नाउँमा पठाइदिनुहुने सल्लाहकार अर्थात्  पवित्र आत्माले तिमीहरूलाई  सबै  कुरा सिकाउनुहुनेछ र मैले तिमीहरूलाई भनेको प्रत्येक कुरा पनि सम्झना  गराइदिनुहुनेछ।' (यूहन्ना १४:२६)*

स्त्रीचाहिँ श्रीमान्को सल्लाहकार हुन सृजिएकी हुन्। धेरै स्त्रीहरू पुरुषभन्दा बढ्ता पवित्र आत्माप्रति संवेदनशील हुन्छन्। त्यसैले बुद्धिको वचन, अगमवाणी, आत्मा छुट्ट्याउने वरदानहरू एक जना मानिसले तिनीहरूबाट आशा गर्न सक्छ।

*'एउटालाई आत्माद्वारा बुद्धिको वचन दिइन्छ र अर्कोलाई उही आत्माद्वारा ज्ञानको वचन दिइन्छ।... कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउने,...'* (१ कोरिन्थी १२:८-१०)

स्वाभाविक योग्यताको रूपमा पुरुषभन्दा स्त्रीचाहिँ पवित्र आत्माको चरित्रसित मेल खान्छिन्। तिनी सहायता गर्न, योग्य तुल्याउन र आफूमा विशेष संवेदनशील गुणको सामर्थ्यद्वारा आत्मा छुट्ट्याई परामर्श दिन सृजिएकी हुन्।

पुरुषलाई आफ्नो विचारभन्दा फरक तरिकाले आफ्नी श्रीमतीबाट परामर्श मिल्दा उसले नराम्रो महसुस अवश्य गर्ला। उसले भन्ला, "तिमी आफ्नै कुराको वास्ता गर।" तर त्यतिबेला उसले तिनको काम र आफ्नो काम एउटै हो भन्ने बिर्सिन्छ। उनीहरू एक हुन् ! उनीहरू सँगै एउटै लक्ष्यमा अघि बढिरहेका हुन्छन्, आ-आफ्नो संसारमा आफ्नै किसिमले जिएर होइन।

उदाहरण लिऊँ, यदि पुरुषको आफू काम गर्ने कम्पनीको मालिकसित झगडा भएको छ भने उसले घरमा आएर आफ्नी श्रीमतीसित चर्को सोरमा बोल्छ होला। श्रीमतीले उसको कुरा बिस्तार सुन्छिन् र यस झगडाको कारण थाहा गरी श्रीमान्लाई असल सरसल्लाह दिई त्यो परिस्थितिको परिवर्तनको निम्ति तिनको व्यवहारमा बदलाव ल्याएर सहायता गर्न सक्नेछिन्। पुरुषलाई यो सल्लाह स्वीकार गर्न धेरै गाह्रो हुनसक्छ तर यो उसलाई हेपेर भनेको होइन भन्ने कुरा उसले बुझ्नुपर्छ।



यो सबै उसको जीवनको एक भागको रूपमा अङ्गीकार भएको हुनुपर्छ। उसले थाहा पाउनुपर्छ कि यस किसिमको समस्याको सामाधानको निम्ति श्रीमतीको सहायता आवश्यक छ।

***श्रीमान्को निम्ति प्रश्नहरू***

- के तपाईंले श्रीमतीलाई सहकर्मी हुन अनुमति दिनुहुन्छ? के तपाईंले तिनका सरसल्लाह माग्नुहुन्छ?

***श्रीमतीको निम्ति प्रश्नहरू :***

- आत्मिकी सहयोगी भएकाले कसरी श्रीमान्को निम्ति मध्यस्थता गर्नुहुन्छ?
- के तपाईंमा कुराले नभई चरित्रले सिकाउने धैर्यता छ?

# १०

# भावनात्मक सहयोगी

**'प्रभु येशू ख्रीष्टको अनुग्रह,**
**परमेश्वरको प्रेम र**
**पवित्र आत्माको सङ्गति**
**तिमीहरू सबैसँग रहून्।'** (२ कोरिन्थी १३:१४)

*'पवित्र आत्माको सङ्गति तिमीहरू सबैसँग रहून्।' (२ कोरिन्थी १३:१४)।*

हामीले अगाडि नै थाहा पायौं कि स्त्रीहरू परमेश्वरले नै सृष्टि गर्नुभएको हो किनकि परमेश्वरले मानिस एकलो रहन असल छैन भन्ने कुरा देख्नुभयो।

स्त्रीहरूलाई सृष्टि गर्नुको मुख्य कारण नै सङ्गति दिनु हो। त्यसैले

पुरुष र स्त्री दुवै मिलेर सँगसँगै सङ्गति गर्न सक्छन्।

आजकल स्त्रीहरू आफ्ना श्रीमान् र नानीहरूको भावनात्मक खाँचो पूरा गर्नुको सट्टामा आफ्नो पेशातर्फ दौडिरहेका छन्, यो नराम्रो कुरा हो। यदि श्रीमान्ले अधिकार जमाएर धेरै नै दु:ख दिएको खण्डमा आफ्नो बारेमा सोच्नु र स्वावलम्बी हुन चाहनु त तर्कसङ्गत हुनसक्छ। तर एकलोपनाले गर्दा श्रीमान् तथा नानीहरू आत्मसन्तुष्टिको निम्ति कुसङ्गतमा लाग्न सक्छन्। यस्तो अवस्थामा श्रीमान् अरु स्त्रीसित अनैतिक सम्बन्ध राख्न सक्छन्, मादकपदार्थ सेवन गर्न शुरु गर्छन् वा अश्लील पत्र-पत्रिका पढन थाल्छन्। यसको अर्थ श्रीमती काम नगरी दिनभरि घरमा नै बस्नुपर्छ भन्ने होइन तर श्रीमतीको पहिलो प्राथमिकता आफ्नो श्रीमान् र नानीहरूका भावनात्मक खाँचोहरूलाई पनि पूरा गर्ने हुनुपर्छ।

परमेश्वरले श्रीमान् र श्रीमती दुवैलाई एक-अर्कामा असल साथी भएको चाहनुहुन्छ। श्रीमतीले आफ्ना श्रीमान्लाई सङ्गति दिनुपर्छ। यसमा यौनसम्पर्क पनि पर्छ। सँगसँगै हुने समय मिलाउनुहोस्।

परिवारको शिर भएकाले श्रीमान्ले असुरक्षित अनुभव गर्न सक्छ। उसलाई धेरै उत्साहको आवश्यकता हुन्छ। *'यसकारण एकले अर्कालाई प्रोत्साहन देऊ र एउटाले अर्कोलाई निर्माण गर, जस्तो तिमीहरू गर्दै पनि छौ।'* (१ थेसलोनिकी ५:११)। उत्साहका वचनले श्रीमान्लाई स्व-सम्मानमा धेरै सहायता पुऱ्याउँछ। प्रतिफलस्वरूप यसद्वारा श्रीमती र नानीहरूले असल व्यवहार पाउनेछन्।

*'चिन्तित हृदयले मानिसलाई कमजोर तुल्याउँछ, तर दयालु वचनले त्यसलाई हर्षित तुल्याउँछ।'* हितोपदेश १२:२५

श्रीमतीका वचनले श्रीमान्लाई निराश बनाउन सक्छ। यदि सधैँ श्रीमतीले आफ्नो वचनद्वारा 'ऊ राम्रो छैन' भन्ने कुराको भावना सृजना



गर्छिन् भने उसले एक दिन उसकी श्रीमतीभन्दा राम्री स्त्री कोही पायो भने उनलाई त्यागिदिनेछन्।

धेरै स्त्रीहरूले आफूले सोचे र गरेजस्तो आफ्नो श्रीमान्ले गरोस् भन्ने चाहन्छन्। यो त उत्साह होइन बरु चापलुसी हो। उत्साह भनेको कसैको इच्छालाई बुझेर उसको जीवनमा सो कुरा पूरा होस् भनी सोच्नु हो। उसले गरेको काममा उत्साह दिनु, उसले गरेको काम ठीक हो भन्नु र उसले गरेको काममा गर्व गर्नु हो।

नानीहरूलाई पनि विशेष गरी स्कूलको काममा, स्वस्थ मित्रता र व्यक्तित्व निर्माणमा टेवा पुऱ्याउन आमाबाट उत्साहको वचनको आवश्यकता पर्छ।

*'पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता र संयम हुन्।'* (गलाती ५:२२)

एउटा भनाइ छ, ''एउटा मानिसले घर बनाउँछ तर एउटी स्त्रीले परिवार बनाउँछिन्।''

असल वा खराब पारिवारिक वातावरणको सृजना गर्न स्त्रीको मुख्य भूमिका रहेको हुन्छ। तपाईंको घर रिस, झगडा र आलोचनाको सट्टामा प्रेम, आनन्द र शान्तिले भरिपूर होऊन्। यस्तो वातावरणको सृजना गर्नुहोस् जहाँ तपाईंको श्रीमान् र नानीहरू तपाईंसँग हुन मन पराऊन्। भावनात्मक वातावरणको साथसाथै स्वाभाविक वातावरणको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ। यदि तपाईंको घरलाई सुन्दर बनाउन चाहनुहुन्छ भने सृजनात्मक रूपले सिँगार्नुहोस् र सुन्दर परिवारको निर्माण गर्नुहोस्।

अर्को एउटा भनाइ छ, ''मानिसको हृदयमा पुग्ने बाटोचाहिँ उसको

पेट हो।'' असल पारिवारिक वातावरण सृजनाको निम्ति असल भोजनको पनि धेरै आवश्यक पर्दछ। श्रीमान्‌को हृदय जित्न असल खाना पकाउने क्षमताको विकास गर्नुहोस् अनि असल र स्वस्थकर खाना पकाउनुहोस्।

**सोचविचार र छलफलको निम्ति प्रश्नहरू**

- के तपाईंको घर परिवार सकारात्मक बनाउनको निम्ति तपाईंले गर्नुपर्ने केही कुरा छन्?
- के तपाईं आफ्नो श्रीमान्‌सँग संङ्गतिमा समय बिताउनुहुन्छ?
- तपाईंको वचनले निर्माण गरेको छ कि तल खसालेको छ?

# ११

# भौतिक सहयोगी

**'तिनले आफ्नो जीवनकालभरि नै**
**उनको भलो गर्छिन्,**
**कुभलो होइन।'** (हितोपदेश ३१:१२)

परिवारको खाँचो पूरा गर्ने जिम्मेवारी श्रीमान्‌को भए तापनि श्रीमतीले पनि आवश्यकता पूरा गर्ने क्रममा आफ्ना वरदानहरूको प्रयोग गरी सहयोग पुऱ्याउन सक्छिन्। यदि छोराछोरी १६ वर्षभन्दा मुनिका छन् भने, तिनले पैसा कमाउने र थुपार्ने काममा भन्दा तिनीहरूको भावनात्मक र आत्मिकी खाँचो पूरा गर्ने काममा ध्यान दिनुपर्छ। तिनको जीवनको सबैभन्दा मुख्य प्राथमिकताचाहिँ आफ्नो श्रीमान्‌को भावनात्मक आवश्यकता पूरा गर्नु हो। यसबाहेक पनि तिनी अन्य समयमा समाजभित्र

उपयोगी विभिन्न काममा संलग्न हुन सक्छिन् र आवश्यक परे परिवारको खाँचो परिपूर्त्तिको निम्ति केही गर्न सक्छिन्।

बाइबलमा एउटा चरित्रवान् स्त्री र उनका असल चरित्रका बारेमा उल्लेख गरिएको छ, हेरौं। हुनसक्छ, सबै स्त्रीहरूमा यी चरित्र नहुन सक्छन् , तर तिनीहरूले यसबाट धेरै कुरा सिक्न सक्छन्।

हितोपदेश ३१:१०–३१:

पद १० *उच्च चरित्र भएकी पत्नी कसले पाउन सक्छ ? तिनी मानिकभन्दा पनि अति नै बढी मूल्यकी हुन्छिन् ।*

पद ११ तिनका पतिले तिनीमाथि पूरा भरोसा गर्छन् र उनलाई कुनै असल कुराको अभाव हुँदैन (तिनी भरोसायोग्य छिन्)।

पद १३ तिनले ऊन र सनपाट चुनेर आफ्ना हातहरूले उत्सुकतासाथ काम गर्छिन् (तिनले उपयोगी र आम्दानीपूर्ण काम गर्छिन्)।

पद १४ व्यापारी जहाजहरूले जस्तै तिनले टाढाबाट भोजन ल्याउँछिन्। (असल भोजनको निम्ति प्रयास)

पद १५ तिनी राती नै उठ्छिन्, आफ्नो परिवारको लागि भोजनको इन्तजाम गर्छिन् र आफ्नी दासी ठिटीहरूलाई आ–आफ्नो भाग दिन्छिन् (तिनी परिश्रमी र परिवारको वास्ता पुऱ्याउँछिन्)।

पद १६ खूबै सोचविचार गरेर तिनले एउटा खेत किन्छिन् र आफ्नो कमाइले तिनी दाखबारी लाउँछिन् (तिनी असल भन्डारे र व्यापारी हुन्)।

पद १७ तिनले आफ्नो काम फुर्तीसित गर्छिन् र आफ्नो कामको निम्ति तिनका पाखुराहरू बलिया छन्(तिनी रानीको भूमिका खेल्छिन्)।



पद १८ तिनले आफ्नो कारोबार लाभदायक भएको देख्छिन् र तिनको बत्ती राती निभ्दैन (तिनले समय र काममा ध्यान दिन्छिन्)।

पद २० तिनले गरीबहरूको निम्ति आफ्नो मुट्ठी खोल्छिन् र आफ्नो हात दीन–हीनहरूका लागि बढाउँछिन् (तिनी दयालु र कृपालु हुन्छिन्)।

पद २१ हिउँ पर्दा आफ्नो परिवारको निम्ति तिनी डराउँदिनन्, किनभने तिनीहरू सबैले सिन्दुरे रङ्गका वस्त्र पहिरेका हुन्छन् (तिनी अगाडि नै सोच्छिन् तथा योजनाहरू बनाउँछिन्)।

पद २२ तिनले आफ्नो खाटको लागि ओढ्नेओछ्याउने बनाउँछिन्। तिनी मलमल र बैजनी कपडाले पहिरेकी हुन्छिन् (तिनी सकृय तथा क्रियाशील छिन्)।

पद २३ तिनका पति शहरको मूल ढोकामा सम्मानित हुन्छन्, जहाँ उनी मुलुकका पाकाहरूसँग बसेका हुन्छन् (तिनी सभ्य छिन्)।

पद २६ तिनी बुद्धिसँग बोल्छिन् र तिनको जिब्रोमा विश्वसनीय उपदेश हुन्छ(तिनी कुरा काट्ने, व्यर्थमा समय बिताउने तथा मूर्ख बकबक गर्ने जस्ता कुरा गर्दिनन्)।

पद २८ तिनका छोराछोरी खडा भएर तिनलाई धन्य भन्छन् र तिनका पतिले पनि यसो भनेर तिनको प्रशंसा गर्छन् (तिनले आफ्ना छोराछोरी र श्रीमान्सँग असल सम्बन्ध राख्छिन्)।

पद ३० सौन्दर्य भ्रमात्मक हुन्छ र सुन्दरता उडिजाने हुन्छ, तर परमेश्वरको भय मान्ने स्त्रीको नै प्रशंसा गरिनुपर्छ (तिनी सबै कुराभन्दा माथि परमेश्वरलाई नै श्रेय दिन्छिन्)।

यसरी पत्नीले आफ्नो पतिलाई सहयोग पुऱ्याउने धैरै उपाय छन् र तिनले आफ्नो सानो घरेलु व्यापार पनि चलाउन सक्छिन्।

अरु कामहरू जस्तो :

* अचार तथा अन्य खाद्यसामग्री उत्पादन तथा बिक्री गर्न सक्छिन्।
* सागसब्जी उत्पादन गरेर बेचबिखन गर्न सक्छिन्।
* चिया पसल तथा पुस्तक पसल खोल्न सक्छिन्।
* अफिसमा केही समय काम गर्न सक्छिन्।
* कुनै जागिर गर्न पनि सक्छिन्।

परमेश्वरसँगको आफ्नो सम्बन्ध र विकास गरिसकेपछि एक स्त्रीले आफ्नो पति र छोराछोरीको आत्मिकी तथा भावनात्मक खाँचो पूरा गर्ने सेवकाइलाई नै उनको जीवनको सर्वश्रेष्ठ दायित्व हो भनी बुझ्नुपर्छ।

हामीले देख्यौं कि श्रीमती आफ्नो श्रीमान्को निम्ति असाध्यै मूल्यवान् सहयोगी हुन् तापनि हामीले श्रीमान्लाई प्रमुख ठानेर, श्रीमतीलाई उनको सहयोगीको रूपमा मात्र लिन मिल्दैन। मिलापका यी दुई भाग हुन्। एक भागले शिरको रूपमा र अर्को भागले सहायताको रूपमा काम गर्छ। शिरको रूपमा मानिसको निम्ति येशू ख्रीष्ट नमुना हुनुहुन्छ। सहकर्मीको रूपमा स्त्रीको निम्ति पवित्र आत्मा नमुना हुनुहुन्छ। बाइबलमा सोझै पवित्र आत्मालाई स्त्रीको नमुनाको रूपमा पाइँदैन तर पनि पवित्र आत्मा सहकर्मीको रूपमा असल र सुन्दर नमुना हुनुहुन्छ।

जब हामीले परमेश्वरको वचनमा हाम्रो निम्ति भएको उहाँको सिद्धान्त र भूमिकाको पूर्णरूपमा आज्ञापालन गर्दछौं तब हामीले 'परमेश्वरको *असल, ग्रहणीय र सिद्ध* इच्छा के रहेछ' भनेर बुझ्न र जाँच्न सक्छौं (रोमी १२:२)।



**छलफलका लागि प्रश्नहरू**

- तपाईं एक श्रीमती हुनुहुन्छ भने तपाईंले आफ्नो परिवारको आर्थिक वा भौतिक खाँचो पूरा गर्न के गर्नु असल होला ?
- के तपाईंले आफ्नो श्रीमान् र छोराछोरीको निम्ति आत्मिकी र भावनात्मक खाँचो पूरा गर्न पहिलो प्राथमिकता दिनुभएको छ ?

# १२

# एकतामा वृद्धि

**'तिमीहरू एउटै मनका भएर, एउटै प्रेममा रहेर,**
**एउटै उद्देश्यमा आत्मामा एक भएर मेरो आनन्द पूरा गर।**
**स्वार्थ वा खोक्रो घमण्डले केही नगर,**
**तर नम्रतामा एउटाले अर्कालाई**
**आफूभन्दा श्रेष्ठ ठान।** (फिलिप्पी २:२-३)

हामीले विवाहको उद्देश्य एकता हो भन्ने कुरा देख्यौं ' दुवै एक हुनेछन्'। दुवै पूर्ण भिन्नै व्यक्तिहरू एक हुनु भनेको सजिलो कुरा होइन। यसले कडा परिश्रम लिन्छ। हामी बीचमा विवाहको सुरुका दिनहरूमा जतिसुकै प्रेम देखिए तापनि २ वर्ष नबित्दै यसको नतिजा देखा पर्छ। तर यी दुई वर्ष नै एक-अर्कामा वास्तविक प्रेमको विकास गर्नको लागि महत्वपूर्ण समय हो।

दुई समान तथा महत्वपूर्ण व्यक्तिहरूको सम्बन्ध नै विवाह हो, जोसँग आत्मिक,भावनात्मक र शारीरिक खाँचोहरू छन्। सबैले बुझ्नुपर्ने कुरा यही हो कि, त्यहाँ कुनै पनि पूर्ण मानिस वा पूर्ण परिवार छन्। दुवै आ–आफ्नै कमजोरीसाथ मिल्न पुग्छन्। उद्देश्य एकता हो, तर यो खाना दिएर मात्र हुँदैन। यसलाई कार्यसङ्गत बनाउनुपर्छ।

नानीहरू परमेश्वरका वरदान हुन्, तर तिनीहरूको निम्ति पनि निक्कै काम गर्नुपर्छ। तिनीहरू आत्मिक, भावनात्मक र शारीरिक रूपमा वृद्धि हुन र अर्काको निम्ति आशिष्को कारण नहुञ्जेलसम्म तिनीहरूको विकासको लागि कडा परिश्रम, शक्ति र ध्यानको आवश्यकता पर्छ। यो दुवै दम्पतीको लागि चुनौती हो। हामी सम्बन्ध विस्तारको निम्ति सृजिएको कारण नानीहरूलाई हुर्काउनु पनि बुबा–आमाको निम्ति जीवनमा सँगसँगै गरिने अर्थपूर्ण सेवा हो।

दु:खको कुरा धेरैले यो गर्न सक्दैनन्। उनीहरूले यो प्रयास गर्न छाडिदिन्छन् या त पारस्परिक सन्तुष्टिको सम्बन्धमा कहिल्यै हुर्कंदैनन्।

उदाहरणको लागि: यदि कसैले मोटरसाइकल किन्न चाहन्छ भने ऊ साइकल चलाउन सक्ने हुनुपर्छ, उसले चलाउने अभ्यास गर्नुपर्छ, चलाउने नियमहरू सिक्नुपर्छ। सवारीचालक जाँच पास भएपछि मात्र चालक अनुमतिपत्र प्राप्त हुन्छ। अब मात्र उसले चलाउन सक्छ। त्यसपछि मात्र उसले मोटरसाइकल किन्नेतर्फ लाग्छ। धेरैजसोले आफूलाई मनपर्दो सामान किन्न महिनौं लगाउँछन्। किनेपछि त्यसलाई बिमा गर्दछन्। तर यो तब मात्र सम्भव छ, जब तिनले निरन्तररूपमा यसमा पेट्रोल हाल्छन्, कहिले कहीँ स्याहारसम्भार गर्छन्, तेल फेर्छन्, टायर थोत्रो हुन अगाडि फेर्छन् र ट्राफिक नियमहरू पालन गर्छन्। इञ्जिनको स्याहारसम्भार तालिम प्राप्त योग्य मेकानिकबाट मात्र गर्नुपर्छ।



विवाहको बारेमा के त? धेरैजसोले विवाह गर्छन् र उनीहरूको निम्ति त्यति भए भइहाल्छ। तिनीहरू आफ्नो जीवन आनन्दसाथ बिताउन चाहन्छन्। के होला त? सोचेजस्तो सजिलो अवश्य हुँदैन। केही वर्षपछि यस्तो विवाहको अर्थ अन्योलमा पर्छ।

विवाहपूर्व धेरै तयारी र विभिन्न कार्य गर्नु आवश्यक छ।

***तयारीको लागि के गर्नुपर्छ त?***

- विवाह र यौनसम्बन्धी पुस्तकहरू अध्ययन गर्ने
- विवाहपूर्व वैवाहिक सरसल्लाह लिने
- आफ्ना आमा–बुबा र अगुवाहरूबाट जतिसक्दो धेरै सरसल्लाह र सुझाव लिने

***असल विवाहको निम्ति हामीले के गर्नुपर्छ?***

- विवाहसम्बन्धी किताबहरूको अध्ययन गरिरहनुपर्छ।
- वैवाहिक सेमिनारहरूमा भाग लिने
- विवाहसम्बन्धी परामर्शदाताबाट सरसल्लाह लिन सक्छौं।
- परमेश्वरले आफ्नो वचनद्वारा दिनुभएका जीवनसम्बन्धी सिद्धान्तहरूलाई शिरोपर गरी जिउने।

आशा छ, यस पुस्तकले असल विवाहको तयारी र विवाहित जीवनयापन गर्न सहायता पुऱ्याउनेछ। यस्ता अन्य थुप्रै पुस्तकहरूले व्यक्तिगत पक्ष, विविध संवाद, तयारी, आदि कुराबारेमा बताएका छन्। यी पुस्तकहरूले तपाईंको वैवाहिक पूर्व र पश्चात्को जीवनमा असल विवाहको निर्माणको निम्ति मदत पुऱ्याउनेछ। सफल वैवाहिक जीवनको निम्ति आवश्यक आधारभूत बाइबलीय सिद्धान्तहरूका साथमा यो पुस्तक तयार भएको छ। तपाईंले, तपाईंको विवाहको सम्बन्धमा निरन्तर काम गर्दै जानुपर्छ।

**संयुक्त परिवार**

यस पुस्तकमा संयुक्त परिवारको बारेमा विस्तृत रूपमा केही लेखिएको छैन। एसियाका धेरैजसो मानिसहरू यस्तै किसिमको परिवारमा रहन्छन्। यसका धेरै फाइदाहरू छन् साथै धेरै दु:ख र संघर्षहरू पनि छन्। उत्पत्ति २:२४ मा *'मानिसले आफ्ना आमा–बुबालाई छोड्छ''* भने तापनि यसको अर्थ आमा–बुबालाई त्याग्नु र वास्ता नगर्नुचाहिँ भनेको होइन। १ तिमोथी ५:८ ले स्पष्ट पार्छ कि यदि हामीले आफ्नो परिवारको खाँचो पूरा गर्न सक्दैनौं भने हामी अविश्वासीभन्दा पनि खराब मानिस हुन्छौं। तर यसले स्पष्ट बताउँछ कि, विवाहमा छाड्नु पनि समावेश छ, ताकि यो नयाँ एकताको सुरुआत हुन्छ र जसको शिर आमा–बुबा होइनन् तर श्रीमान् हुन्छ।

म यस अवस्थाको बारेमा बढी बताउन चाहन्नँ तर यस पुस्तकले दिएको नमुनाको वैवाहिक जीवनयापनको निम्ति जस्तोसुकै परिस्थिति पनि तपाईंले सामना गर्न सक्नुपर्छ। आफ्ना आमा–बुबालाई तपाईंले कसरी वैवाहिक जीवनयापन गर्न चाहनुहुन्छ भन्ने कुरा धैर्यता, प्रेम र समझको साथ थाहा गराउनुहोस्। तिनीहरूलाई नत्याग्नुहोस्। तिनीहरूको भावनात्मक र आर्थिक खाँचोसमेत पूरा गर्न आफू तयार हुनुहोस्। तिनीहरूमार्फत् परमेश्वरले तपाईंलाई यस पृथ्वीमा स्थापित गर्नुभएको छ।

# शिर र सहयोगी

यो शिर र सहयोगी नामक पुस्तकले तपाईंलाई विवाहको निम्ति परमेश्वरको योजना र उद्देश्य बुझ्न मदत पुऱ्याउनेछ। परमेश्वरले हामीलाई बाइबलीय विवाह, ख्रीष्टियन परिवार, सम्बन्ध, यौन पाप आदि जस्ता विषयहरू भएको हाम्रो शिक्षण सेवकाइद्वारा ख्रीष्टको शरीर निर्माण गर्न अगुवाइ गर्नुभएको छ। हामी परमेश्वरलाई धन्यवाद दिन्छौं कि, उहाँले हामीलाई यो खाँचो पूरा गर्न  सक्षम तुल्याउनुभएको छ।

आज संसारमा धेरै मानिसहरू दु:ख–कष्ट पाइरहेका र तिनीहरू गलत वैवाहिक सम्बन्धको चपेटामा पिल्सिरहेका छन्। यो पुस्तकले विवाहसम्बन्धी परमेश्वरको वास्तविक उद्देश्यलाई खोज्न लगाउँछ। हामी तपाईंलाई वैवाहिक सम्बन्धमा परमेश्वरको वास्तविक र सैद्धान्तिक योजना पत्ता लगाउन सहायता पुऱ्याउन चाहन्छौं।

प्रत्येक मानिसले आफ्नो संस्कृतिमा उहाँको उद्देश्यअनुसार सिद्धान्तहरू प्रयोजनमा ल्याउन सक्छन्।

तपाईंले यो पुस्तकलाई पढ्दा, अध्ययन गर्दा पवित्र आत्माले विवाहसम्बन्धी उहाँको योजना र उद्देश्य प्रकट गर्नुभएको होस्। परमेश्वरले प्रशस्त आशिष् दिऊन्।

# शिर र सहयोगी

## बाइबलीय विवाहको एक स्पष्ट बोध

पावल हेइलीगेनवर्ग